# प्रभाव दैनिक
National Daily

प्रतिनिधिसभा सदस्य निर्वाचन
२१ फागुन
३ दिन बाँकी

वर्ष १२ | अंक ३०२ | काठमाडौं | सोमबार, १८ फागुन २०८२ | Prabhab National Daily | Monday, 02 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## अमेरिका-इजरायल-इरान द्वन्द्व

# युएईमा एक जना नेपालीको मृत्यु
# प्रमुख रोजगार गन्तव्य प्रभावित



यो ठूलो स्टेक भएको क्षेत्र हो । यति धेरै ठूलो संख्यामा नेपालीहरु हुनुहुन्छ । यसैले तत्कालै सम्बोधन गर्न सकिने किसिमको शक्तिशाली र अधिकार सम्पन्न आयोग बनाउनुपर्छ ।

**रामकाजी खड्का**
एसिया, पश्चिम एसिया र अफ्रिका महाशाखा प्रमुख, परराष्ट्र मन्त्रालय

**प्रभाव संवाददाता**

काठमाडौं- इजरायल र अमेरिकाको आक्रमणबाट इरानका सर्वोच्च नेता अयातोल्लाह अली खामेनीको मृत्यु भएपछि मध्यपूर्वमा तनाव बढेको छ । जवाफी कारबाहीस्वरूप इरानले खाडी मुलुकमा रहेको अमेरिकी सैन्य बेसमा आक्रमण गर्दा युएईमा एक नेपालीको मृत्यु भएको छ ।

आइतबारको आक्रमणमा परी एक जना नेपालीसहित एक पाकिस्तानी र एक बंगलादेशी नागरिकको मृत्यु भएको युएईको रक्षा मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयका अनुसार उक्त आक्रमणमा परी ५८ जना सामान्य घाइते भएका छन् । घाइते हुनेमा अफगानी, लेबनानी, श्रीलंकन, फिलिपिनीदेखि इरानकै नागरिक पनि भएको बताइएको छ । शनिबार पनि इरानले युएईमा रहेको अमेरिकी सैन्य बेसमा आक्रमण गरेको थियो ।

इरानले खासगरी बहराइन, कतारको राजधानी दोहा, कुवेत र युएईका विभिन्न क्षेत्रमा मिसाइल प्रहार गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् । आफ्नो सर्वोच्च नेता खामेनीको मृत्युपछि ४० दिन शोक मनाउने घोषणा गरेको इरानले अमेरिकी सैन्य बेसलक्षित गरी मिसाइल प्रहार गरेको थियो ।

पछिल्लो आक्रमणहरूबाट नेपालीहरू सुरक्षित रहेको जानकारी आफूले पाएको अबुधाबीस्थित हामी नेपालीका अध्यक्ष दिल वाइबाले बताए । यद्यपि सतर्कता भने अपनाउनुपर्ने उनले बताए ।



इरानी हमलापछि संयुक्त अरब इमिरेट्सको शारजाहस्थित औद्योगिक क्षेत्रको गोदामबाट निस्किरहेको धुवाँको कालो मुस्लो । *तस्बिर: एपी*

‘हामी सुरक्षित छौं । युएई आफैंमा शक्तिशाली देश भएकाले एयरस्ट्राइकलाई विस्थापित गरेको छ । यहाँको सरकारले जारी गरेको सूचना पालना गरी सकेसम्म बाहिर नजान भनेकोले यसमा सचेत बनौं,’ वाइबाले भने ।

अबुधाबीस्थित नेपाली दूतावासले युएई सरकारले जारी गरेको सुरक्षा पालना गर्न आग्रह गरेको छ । त्यहाँस्थित दूतावासले आइतबार विज्ञप्ति जारी गरी आपत्कालीन सहयोगका लागि नेपाली दूतावास अबुधाबी र नेपाली महावाणिज्यदूतावास दुबईमा सम्पर्क गर्न आग्रह गरेको छ ।

कतारस्थित नेपाली दूतावासले त्यहाँ रहेका नेपालीलाई कतारी सरकारद्वारा जारी सुरक्षा निर्देशन पालना गर्न अनुरोध गरेको छ । दूतावासले पश्चिम एसियामा विकसित पछिल्लो परिस्थितिलाई दृष्टिगत गर्दै कतारमा रहेका सम्पूर्ण नेपालीलाई सतर्कता अपनाइ सुरक्षित रहन अनुरोध गरेको हो । यसैगरी प्रभावित देशका नियोगहरूले सुरक्षित रहन र सम्बन्धित देशको सरकारले जारी गरेको सूचना पालना गर्न भनेको छ ।

नेपालको प्रमुख रोजगार गन्तव्य मुलुकहरूका रूपमा चिनिएको खाडी मुलुकमा मच्चिएको आतंकले नेपाली पनि प्रभावित भएका छन् । यस क्षेत्रमा व्यवसायदेखि रोजगार र अध्ययनका लागि पुगेका १७ लाखभन्दा बढी नेपाली रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

क्रमश: पृष्ठ २ मा

### १२ देशको श्रम स्वीकृति स्थगन

पछिल्लो संकटका कारण सरकारले मध्यपूर्वका १२ देशमा रोजगारीका लागि पठाउन आवश्यक श्रम स्वीकृति दिने कार्य स्थगित गरेको छ । साउदी अरेबिया, युएई, कतार, कुवेत, बहराइन, ओमान, इराक, यमन, जोर्डन, लेबनान, टर्की, इजरायलको श्रम स्वीकृति स्थगन गरिएको वैदेशिक रोजगार विभागले जानकारी दिएको छ ।

‘उल्लेखित देशमा वैदेशिक रोजगारीका लागि प्रदान गरिने व्यक्तिगत र संस्थागत श्रम स्वीकृति अर्को निर्णय नभएसम्मका लागि स्थगन गर्ने निर्णय भएको छ,’ विभागले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।




**मध्यपूर्वमा कूल १७ लाख २९ हजार २८८ नेपाली, कुन देशमा कति ?**

| | |
|---|---|
| युएई | ७,००,००० |
| साउदी | ३,८४,८६५ |
| कतार | ३,५७,९१३ |
| कुवेत | १,७५,००० |
| इराक | ३०,००० |
| बहराइन | २८,००० |
| ओमान | २५,००० |
| साइप्रस | १७,००० |
| इजरायल | ६,५०० |
| लेबनान | १,५०० |
| इजिप्ट | ५०० |
| इरानमा | ६ |

*स्रोत: परराष्ट्र मन्त्रालय*

## मध्यपूर्वमा आपत्कालीन संयन्त्र प्रभावकारी बनाउन जेटियुसिसीको आग्रह

**प्रभाव संवाददाता**

**काठमाडौं**- संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)ले मध्यपूर्व क्षेत्रमा पछिल्लो समय तीव्र बन्दै गएको द्वन्द्व र युद्धको अवस्थाप्रति गहिरो चिन्ता व्यक्त गरेको छ । जेटियुसिसीले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै मध्यपूर्व क्षेत्रमा विकसित परिस्थितिले त्यहाँ कार्यरत लाखौं नेपाली श्रमिकहरूको जीवन, सुरक्षा र रोजगारीमा गम्भीर असर पारिरहेकोप्रति चिन्ता व्यक्त गरेको हो ।

‘निरन्तर अस्थिरता, सुरक्षाजन्य जोखिम र कामकाजमा आएको अवरोधका कारण नेपाली श्रमिकहरू प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा प्रभावित भइरहेका छन् भन्ने सूचना प्राप्त भइरहेको छ,’ विज्ञप्तिमा भनिएको छ, ‘मध्यपूर्वका विभिन्न देशहरूमा कार्यरत नेपाली श्रमिकहरू अहिले त्रास र अनिश्चितताको वातावरणमा बस्न बाध्य छन् ।

क्रमश: पृष्ठ २ मा

## एनआरएनएले भन्यो
## उच्च सतर्कता अपनाउनू

**सन्दर्भ: वैदेशिक रोजगार**

**काठमाडौं (प्रस)**- गैरआवासीय नेपाली संघ (एनआरएनए)ले मध्यपूर्व क्षेत्रमा कार्यरत नेपालीहरूलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । यस क्षेत्रमा हाल विकसित भइरहेका घटनाक्रमले इजरायल, इरान, कतार, कुवेत, युएई, बहराइनलगायतका देशमा बसोबास गरिरहेका नेपालीहरूको सुरक्षाप्रति गम्भीर चिन्ता बढाएको एनआरएनएले जनाएको छ ।

अध्यक्षद्वय डा. बद्री केसी र महेशकुमार श्रेष्ठले आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै यस कठिन परिस्थितिमाझ १९ लाखभन्दा बढी नेपालीको सुरक्षा मुख्य प्राथमिकतामा राखी आवश्यक कदम चाल्न जरुरी रहेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन् । ‘यस संवेदनशील परिस्थितिलाई ध्यानमा राख्दै, इजरायल, इरान तथा मध्यपूर्वका अन्य देशहरूमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूलाई सावधानी अपनाउन हार्दिक अनुरोध गरिन्छ ।’

क्रमश: पृष्ठ २ मा

## नियमित सम्पर्कमा रहन लोकतान्त्रिक एसोसिएसनको आग्रह

**काठमाडौं (प्रस)**- नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसियसनले मध्य पूर्वमा आफूले पठाएका कामदारलाई नियमित सम्पर्कमा रहन आग्रह गरेको छ ।

एसोसियसनका केन्द्रीय अध्यक्ष दीपक थापाले आइतबार एक विज्ञप्ति जारी गरी मध्य पूर्व क्षेत्रमा विकसित पछिल्लो सुरक्षा परिस्थितिप्रति गम्भीर ध्यानाकर्षण भएको बताउँदै आफूले पठाएका कामदारलाई नियमित सम्पर्कमा रहन आग्रह गरे । उनले मध्य पूर्व क्षेत्रमा बसोबास गर्ने एवं त्यहाँ कार्यरत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीलाई उच्च सतर्कता अपनाउन, सम्बन्धित देशका स्थानीय प्रशासनद्वारा जारी सुरक्षा निर्देशिकाको पूर्णरूपमा पालना गर्न अनुरोध गरे ।

क्रमश: पृष्ठ २ मा

## पैसा बाँडेर जिते सांसद पद खारेज !

**काठमाडौं (प्रस)**- निर्वाचन आयोगले निर्वाचन आचारसंहिता उल्लंघनप्रति कडा नीति अपनाउने भएको छ । निर्वाचनमा नगद चलखेल, अवैध सामग्री वितरण वा मतदाता प्रभावित गर्ने गतिविधि प्रमाणित भए उम्मेदवारी खारेजमात्र नभई छ वर्षसम्म निर्वाचनमा भाग लिन प्रतिबन्ध लगाउने आयोगले जनाएको छ ।

निर्वाचन अवधिमा झूटा प्रचार र एआईबाट सिर्जित डिपफेक सामग्रीको प्रयोग बढेको भन्दै आयोगले निगरानी तीव्र पारेको छ । शुक्रबारसम्म ६१२ हानिकारक सूचना ट्र्याक गरिएको र तीमाथि कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिइएको छ ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार विद्युतीय कारोबार ऐन २०६३ आकर्षित हुने सामग्री नेपाल प्रहरीलाई पठाइएको छ भने आचारसंहिता २०८२ र प्रेस काउन्सिल ऐन २०४८ अन्तर्गत पर्ने विषय सम्बन्धित निकायमा पठाइएको छ । आयोगले सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्तालाई सत्यतथ्य सूचनामात्र प्रसारण गर्न आग्रह गरेको छ ।

# मत माग्ने अन्तिम दिन आज
## रातिदेखि मौन अवधि, सीमानाका बन्द

- निर्वाचनमा पहिलो घेरामा प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी र तेस्रो घेरामा नेपाली सेना
- भारत र चीनसँग जोडिएका सीमानाका बन्द
- आज राति १२ बजेदेखि मौन अवधि सुरु
- राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचार गर्ने आज अन्तिम दिन

**जेबी योञ्जन**

**काठमाडौं**- प्रतिनिधिसभामा १६५ जना प्रत्यक्ष र ११० जना समानुपातिक प्रणालीबाट गरी २७५ जना सदस्य चुन्न यही २१ फागुनमा निर्वाचन हुँदै छ । राजनीतिक दल र स्वतन्त्रबाट गरी तीन हजार ४०० भन्दा बढी उम्मेदवार प्रतिस्पर्धामा छन् ।

कानुन निर्माण गर्ने जनप्रतिनिधिहरूको सार्वभौम थलो प्रतिनिधिसभामा निर्वाचित भएर पुग्न उनीहरू निर्वाचन प्रचारमा छन् । निर्वाचन आयोगको कार्यतालिकाअनुसार निर्वाचन प्रचार गर्ने आज अन्तिम दिन हो । भोलि मंगलबारदेखि मतदाताकहाँ पुगेर उम्मेदवारहरूले मत माग्न पाइँदैन । आज राति १२ बजेदेखि मौन अवधि सुरु हुने निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

‘आज रातिदेखि दल, उम्मेदवार कसैले पनि मत माग्न पाइँदैन । मौन अवधि सुरु हुन्छ,’ उनले प्रभावसँग भने, ‘यदि, कोही कसैले मत मागे निर्वाचन कानुनअनुसार कारबाही हुन्छ ।’

विगतमा जस्तो ठूला राजनीतिक दलहरूले यसपटक ठूला आमसभा गरेका छैनन् । नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) घरदैलो अभियानमा सक्रिय छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी (जसपा) नेपाललगायत दलहरूले पनि मतदाताको घरदैलो केन्द्रित अभियानमै अल्झिए । अघिल्ला निर्वाचनहरूमा पार्टी नेतृत्वले देशका ठूला सहरहरूमा गएर सम्बोधन गर्थे ।

क्रमश: पृष्ठ २ मा




काठमाडौंको गोंगबुस्थित नयाँ बसपार्कमा आइतबार फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्न आफ्नो गृहजिल्ला फर्कने यात्रुको भीड । *तस्बिर: रासस*



आज रातिदेखि दल, उम्मेदवार कसैले पनि मत माग्न पाइँदैन । मौन अवधि सुरू हुन्छ । यदि, कोही कसैले मत मागे निर्वाचन कानुनअनुसार कारबाही हुन्छ ।

**नारायणप्रसाद भट्टराई**
प्रवक्ता, निर्वाचन आयोग



निर्वाचनविरोधी गतिविधि गर्ने जो-कोहीलाई कानुनको दायरामा ल्याइने छ ।

**ओमप्रकाश अर्याल**
गृहमन्त्री

पृष्ठ १ बाट क्रमशः

## युएईमा एक...

यसैले यहाँका नेपालीका सुरक्षाका लागि तत्काल उद्धार समिति बन्नुपर्ने परराष्ट्र मन्त्रालयको मध्य एसिया, पश्चिम एसिया र अफ्रिका महाशाखा प्रमुख रामकाजी खड्काले बताए । 'यो ठूलो स्टेक भएको क्षेत्र हो । यति धेरै ठूलो संख्यामा नेपालीहरू हुनुहुन्छ । यसैले तत्कालै सम्बोधन गर्न सकिने किसिमको शक्तिशाली र अधिकार सम्पन्न आयोग बनाउनुपर्छ,' मन्त्रालयले आइतबार आयोजना गरेको पत्रकार सम्मेलनमा खड्काले भने । यस्तो आयोगले सहजै उद्धारको कार्य गर्न सकिने खड्काले बताए ।

मन्त्रालयले नेपाली नागरिकको सुरक्षा सुनिश्चित गर्ने उपायहरू अघि बढाइरहेकोसमेत उनले बताए । 'मध्यपूर्वमा रहेका नेपालीको सुरक्षा सरकारको उच्च प्राथमिकतामा छ र यसका लागि आवश्यक प्रक्रिया सुरु भइसकेको छ,' उनले भने । त्यस क्षेत्रमा भ्रमणका लागि वा अध्ययनका लागि प्रक्रिया थालेको भए तत्कालका लागि रोक्नसमेत आग्रह गरे ।

सरकारले सुरक्षाका लागि शनिबार नै सम्बन्धित देशमा रहेका नियोगका राजदूतमार्फत समन्वय गरिरहेको खड्काले बताए । उद्धार गर्नुपर्ने अवस्था पनि आएकोले कन्सुलर सेवा विभागलाई दर्ताको व्यवस्था गर्न भनेको र सोमबारसम्ममा यो तयार हुने मन्त्रालयले जनाएको छ । 'उद्धार गर्नुपरेमा अन्तर्राष्ट्रिय संस्था आइओएमसँग पनि समन्वय गर्नुपर्ने हुनसक्छ,' खड्काले भने ।

परराष्ट्रसचिव अमृत राईको नेतृत्वमा आपत्कालीन उद्धार समिति गठनको तयारी गरेको परराष्ट्रले जनाएको छ । द्वन्द्व लम्बिँदै जाने अवस्थामा छिमेकी राष्ट्रको कदम हेरेर उद्धारको रणनीति अपनाउने खड्काले बताए ।

अहिले भिसा लागि सकेर विमानस्थलमा रोकिएका, सम्बन्धित मुलुकका विमानस्थलमा पुगेर रोकिएका, युरोप अमेरिकाजस्ता देश गन्तव्य बनाएकोमा ट्रान्जिटमा परेकाहरू समस्यामा परेको उनले बताए । मन्त्रालयले हाल मध्यपूर्वमा करिब १७ लाख २ ९ हजार २८८ नेपाली रहेको जानकारी दिँदै उनीहरूको सुरक्षा सुनिश्चित गर्न उच्च प्राथमिकता दिइएको जनाएको छ ।

यसमध्ये सबैभन्दा धेरै नेपाली युएईमा छन् । जहाँ सात लाख नेपाली रोजगारी तथा व्यवसायको सिलसिलामा रहेका छन् । यसैगरी साउदीमा तीन लाख ८४ हजार ८६५ जना, कतारमा तीन लाख ५७ हजार ९१३ जना, कुवेतमा एक लाख ७५ हजार रहेका छन् । इराकमा ३० हजार, बहराइनमा २८ हजार, ओमानमा २५ हजार, साइप्रसमा १७ हजार, इजरायलमा छ हजार ५००, लेबनानमा एक हजार ५००, इजिप्टमा ५०० र इरानमा छ जना नेपाली रहेको परराष्ट्रको तथ्यांकमा उल्लेख छ ।

### हवाई क्षेत्र बन्द

अमेरिका र इजरायलले इरानमा गरेको आक्रमणपछि मध्यपूर्वका देशहरूले आफ्नो हवाई क्षेत्र आंशिक वा पूर्णरूपमा बन्द गरेका छन् । हजारौं उडान ढिलाइ वा रद्द भएका छन्, हजारौं यात्रुहरू अस्थायी रूपमा विमानस्थलमा रोकिएका छन् ।

काठमाडौंमा आइतबार २७ वटा उडान रद्द भएका छन् । शनिबार १८ उडान रद्द भएका थिए । यसरी उडान रद्द भएका एयरलायन्सहरूमा जजिरा एयरवेज, एयर अरेयिबा, फ्लाइ दुबई, कुवेत एयरवेज, नेपाल एयरलायन्स, हिमालय एयरलायन्स र कतार एयरवेजका उडान रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले जानकारी दिएको छ ।

इरान, इराक, इजरायल, सिरिया, कुवेत र युएईले शनिबार आक्रमणपछि आफ्नो आकाश नियन्त्रणमा राख्ने घोषणा गरेका थिए । प्रमुख एयरलाइन्सहरू जस्तै एमिरेट्स, इतिहाद, एयर फ्रान्स, ब्रिटिस एयरवेज, एयर इण्डिया, टर्की एयरलाइन्स र लुफ्थान्सा समेतले सेवा स्थगित गरेका छन् । उड्डयन विश्लेषक कम्पनी सिरियमका अनुसार मध्यपूर्वमा लगभग चार हजार २१८ उडानमा ९६६ उडान रद्द भए भने आउटबाउण्ड उडानहरू समेत गणना गर्दा संख्या एक हजार ८०० माथि पुगेको छ ।

इरानले तुरुन्तै आफ्नो हवाई क्षेत्र बन्द गरेको छ भने इजरायलले पनि नागरिक उडानका लागि आकाश बन्द गरेको घोषणा गरेको छ । कतार, इराक, सिरिया, जोर्डन र कुवेतले आंशिक वा पूर्णरूपमा आफ्नो हवाई क्षेत्र बन्द गरेका छन् । संयुक्त अरब इमिरेट्सले आंशिकरूपमा हवाई क्षेत्र नियन्त्रणमा राखेको बताएको छ ।

यो तनावले युरोपेली एयरलाइन्सहरू पनि प्रभावित भएका छन् । रोसाभिट्सिया (रुस) ले इजरायल र इरानका लागि सबै व्यावसायिक उडान रद्द गरेको छ । एयर फ्रान्स, ब्रिटिस एयरवेज, स्विस इन्टरनेसनल एयरलाइन्स र लुफ्थान्साले मध्यपूर्वका प्रमुख गन्तव्यका लागि उडान स्थगित गरेका छन् ।

नर्थ अमेरिका र एसिया-प्यासिफिकका एयरलाइन्सहरूले पनि उडान स्थगित गरेका छन् । डेल्टा, अमेरिकन, युनाइटेड, एयर क्यानाडा, इण्डिगो, एयर इण्डिया, क्याथे प्यासिफिक र गरुडा इण्डोनेसिया लगायतका एयरलाइन्सले मध्यपूर्वका गन्तव्यका लागि उडान स्थगित गरेका छन् । अफ्रिकाका एयरलाइन्स इथियोपियन एयरलाइन्स र केन्या एयरवेजले पनि दुबई, अम्मान, तेल अभिव, दम्माम र बेरुत गन्तव्यका लागि उडान रद्द वा स्थगित गरेका छन् ।

■■■

## मध्यपूर्वमा...

कतिपय श्रमिकहरूले सुरक्षित स्थानमा सर्न नसकेको अवस्था, आवास तथा स्वास्थ्य सुरक्षाको अभावजस्ता चुनौतीहरू झेलिरहेका छन् । यस्तो संवेदनशील परिस्थितिमा वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नु राज्यको दायित्व हो ।'

जेटियुसिसीले नेपाल सरकार, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र सम्बन्धित नेपाली दूतावासहरूलाई प्रभावित क्षेत्रमा रहेका नेपालीहरूको यथार्थ अवस्था पहिचान गरी तत्काल प्रभावकारी समन्वय, निगरानी र सुरक्षात्मक पहल गर्न आग्रह गरेको छ । आवश्यक उद्धार, सुरक्षित स्थानान्तरण तथा स्वदेश फिर्ताको स्पष्ट कार्ययोजना सार्वजनिक गरी कार्यान्वयन गर्न आग्रह गरिएको छ ।

यसैगरी रोजगारी गुमाएका वा जोखिममा परेका श्रमिक र उनीहरूको परिवारका लागि राहत तथा पुनर्स्थापनासम्बन्धी विशेष व्यवस्था गर्न पनि जेटियुसिसीले माग गरेको छ । 'सम्बन्धित रोजगारदाता कम्पनीहरूलाई समेत अन्तर्राष्ट्रिय श्रम मापदण्ड र मानवअधिकारका सिद्धान्तअनुसार श्रमिकहरूको सुरक्षा तथा आधारभूत सेवाहरू सुनिश्चित गर्न आग्रह गर्दछ,' संस्थाका महासचिव नवराज दाहालले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

■■■

## एनआरएनएले...

एनआरएनएले सम्बन्धित देशका सरकारी निकाय तथा नेपाली राजदूतावासहरूले जारी गरेका सुरक्षा निर्देशनहरू कडाइका साथ पालना गर्न, अत्यावश्यकबाहेक बाहिर ननिस्कन र सुरक्षित स्थानमै बस्न आग्रह गरेको छ । 'अनावश्यक यात्रा नगर्नुहोस् तथा स्थानीय अवस्थाबारे निरन्तर जानकारी राख्नुहोस्,' एनआरएनएले भनेको छ ।

राष्ट्रिय समन्वय परिषद्हरू, गैरआवासीय नेपाली संघको सचिवालय, स्थानीय नेपाली समुदाय, नेपाली राजदूतावास र सम्बन्धित निकायहरूसँग नियमित सम्पर्कमा रहन आग्रह गरिएको छ । हालको अवस्था सामान्य नभएसम्म, इजरायल, इरान तथा मध्यपूर्वका अन्य देशहरूमा यात्रा गर्ने योजना स्थगित गर्न भनेको छ ।

'नेपाल सरकार, परराष्ट्र मन्त्रालय र सम्बन्धित देशका नेपाली राजदूतावासहरूलाई त्यहाँ रहेका नेपालीहरूको अवस्थाबारे निरन्तर जानकारी लिई, उनीहरूको तत्काल सहायता र सुरक्षित व्यवस्थापनका लागि अविलम्ब प्रभावकारी कदम चाल्न गैरआवासीय नेपाली संघ अनुरोध गर्दछ,' एनआरएनएले भनेको छ, 'यसका लागि आवश्यकता अनुसार नेपाल सरकारसँग सहकार्यका लागि समेत तत्पर रहेको जानकारी गराउँदछौं ।'

■■■

## नियमित...

एसोसियसनले नेपाल सरकार तथा विदेशस्थित नेपाली दूतावास, कूटनीतिक नियोगलाई आफ्ना नागरिकको सुरक्षाका लागि आवश्यक समन्वय गर्न, नियमित सूचना प्रवाह गर्न तथा आपत्कालीन संयन्त्र प्रभावकारीरूपमा सञ्चालन गर्न आग्रह गरेको छ ।

अध्यक्ष थापाले नेपाली नागरिकको जीवन र सुरक्षाको संरक्षण सर्वोपरि भएकाले नेपालस्थित सम्पूर्ण इजाजत प्राप्त संस्था, सम्बन्धित रोजगारदाता कम्पनीसँग निरन्तर समन्वय र सहकार्य गरी आफ्ना कामदारको अवस्थाबारे नियमित जानकारी लिन पनि अनुरोध गरे ।

■■■

## मत माग्ने...

पार्टीका उम्मेदवारलाई जिताउन मतदातालाई आग्रह गर्थे । एकल सरकार र स्थायी सरकारका लागि बहुमत माग्थे ।

यसपटक नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मात्रै देशका केही प्रदेश राजधानीदेखि संघीय राजधानी काठमाडौंमा ठूला सभा गरे । श्रम संस्कृति पार्टी र उज्यालो नेपाल पार्टीले पनि कोशीका केही ठाउँ र बागमतीको काठमाडौंमा आमसभा गरे । बाँकी दलहरूले गरेनन् । स्वतन्त्र उम्मेदवारहरू घरदैलो अभियानमै छन् । उनीहरू पनि जितका लागि मत माग्दै छन् । यसपटकको प्रतिनिधिसभा निर्वाचनको राजनीतिक पृष्ठभूमि गत भदौ २३ र २४ गतेको जेन-जी विद्रोह हो । नियमित अवस्थामा २०८४ मा हुनुपर्ने निर्वाचन विद्रोहपछिको परिवर्तित राजनीतिक परिस्थितिमा हुन लागेको हो ।

यतिबेला देश पूर्णरूपमा निर्वाचनमय बनेको छ । तीव्र राजनीतिक ध्रुवीकरण र अनेक असन्तोषबीच हुन लागेको निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित रूपमा सम्पन्न गराउन राज्यका सबै संयन्त्र सक्रिय भएका छन् ।

निर्वाचन आयोगका अनुसार यसपटक एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता मतदानमा सहभागी हुने अपेक्षा गरिएको छ । देशभर १० हजार ९६७ मतदानस्थल र २३ हजार ११२ मतदान केन्द्र तोकिएका छन् । समानुपातिकतर्फ मात्र मत हाल्ने १४३ अस्थायी केन्द्र समेत सञ्चालनमा आउने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले बताए ।

उनका अनुसार मतदान प्रक्रियालाई सहज, छिटो र व्यवस्थित बनाउन विशेष प्रबन्ध मिलाइएको छ । महिला र पुरुषका लागि छुट्टाछुट्टै लाइन रहने छ भने ज्येष्ठ नागरिक, सुत्केरी, अशक्त र अपांगता भएका व्यक्तिलाई प्राथमिकताका आधारमा मतदानको सुविधा दिइने छ ।

'एक मतदातालाई १ देखि २ मिनेटमै मतदान सकिने व्यवस्था मिलाइएको छ । कुनै पनि केन्द्रमा एक हजारभन्दा बढी मतदाता राखिएको छैन, त्यसैले लामो लाइन बस्नुपर्ने अवस्था आउँदैन,' उनले आइतबार आयोजित पत्रकार सम्मेलनमा भने । उनले मतदातालाई आफ्नो परिचयपत्र सुरक्षित राख्न र बिहान ७ बजेदेखि नै मतदानमा सहभागी हुन आग्रह गरे ।

### सीमानाका बन्द

प्रतिनिधिसभा निर्वाचनको स्वच्छता र स्वतन्त्रता सुनिश्चित गर्न शनिबार राति १२ बजेदेखि नै अन्तर्राष्ट्रिय सीमानाका बन्द गरिएको छ । निर्वाचन सुरक्षा निर्देशिकाअनुसार मतदान हुनुभन्दा ७२ घण्टा अगाडि सीमानाका बन्द गर्नुपर्ने प्रावधान कार्यान्वयनमा ल्याइएको आयोगले जनाएको छ । मतदान सम्पन्न नहुँदासम्म सीमानाका बन्द रहने छ । नेपालको सीमानाकाहरू भारत र चीनसँग जोडिएका छन् । वीरगञ्ज, जोगबनी, काँकटभिट्टा, रसुवागढी, केरूङलगायत सीमानाकाहरू बन्द गरिएको निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए ।

### तेस्रो घेरामा सेना

निर्वाचन सुरक्षाका लागि सरकारले एकीकृत सुरक्षा योजना लागू गरेको छ । गृहमन्त्री ओमप्रकाश अर्यालले मतदान केन्द्रदेखि मतगणनास्थलसम्म मतपेटिका सुरक्षा घेराभित्रै ढुवानी गरिने स्पष्ट पारेका छन् । उनका अनुसार एकीकत सुरक्षा योजनाअनुसार पहिलो घेरामा नेपाल प्रहरी, दोस्रो घेरामा सशस्त्र प्रहरी बल र तेस्रो घेरामा नेपाली सेना परिचालन हुने छन् ।

विगतमा मतगणनास्थलमै सुरक्षाबारे प्रश्न उठेकाले यसपटक त्यस्ता कमजोरी दोहोरिन नदिने सरकारको प्रतिबद्धता छ । भौगोलिक विकटता वा अन्य कुनै बहानामा बुथ कब्जा, मृत व्यक्तिको नाममा मतदान वा अर्काको नाममा भोट हाल्नेजस्ता गतिविधि हुन नदिइने मन्त्री अर्यालको भनाइ छ । 'निर्वाचनविरोधी गतिविधि गर्ने जो-कोहीलाई कानुनको दायरामा ल्याइने छ,' उनको चेतावनी छ ।

उनका अनुसार देशभरका १६५ निर्वाचन क्षेत्रमा करिब दुई लाख २१ हजार कर्मचारी खटिने भएका छन् । ५०० भन्दा बढी मतदाता भएका केन्द्रमा नौ जना र ५०० भन्दा कम मतदाता भएका केन्द्रमा आठ जना कर्मचारी रहने व्यवस्था गरिएको छ । मतदान अधिकृत तथा सहायक अधिकृतलाई पूर्वप्रशिक्षण दिइएको छ भने अन्य कर्मचारीलाई सम्बन्धित केन्द्रमै तालिम दिइने छ । निर्वाचन सामग्री र मतपत्र सबै निर्वाचन क्षेत्रमा पुगिसकेको आयोगले जनाएको छ ।


**निको इनर्जी लिमिटेड**
मध्यपुर थिमी, भक्तपुर, नेपाल

**वार्षिक साधारणसभा सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति २०८२।११।१८)

**सम्पुर्ण शेयरधनी महानुभावहरू,**

मिति २०८२/११/११ गते विहान ११:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको आ.व.२०८१।०८२ को वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषय उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीतपूर्वक प्रतिनिधी मुकरर गरी पठाई दिनु हुन सबै शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति,स्थान र समयः**
**मितिः** २०८२/१२/०९ गते, सोमबार अर्थात मार्च २३, २०२६ ।
**स्थानः** कम्पनीको रजिष्टर्ड कार्यालय ।
**समयः** बिहान ११:०० बजे ।

**छलफलका लागी प्रस्तावित विषय वस्तुहरुः**
(१) आ.व.२०८१।०८२ को वार्षिक कार्य प्रगती विवरण अनुमोदन गर्ने सम्बन्धमा।
(२) आ.व. २०८१।०८२ को लेखा परिक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा ।
(३) आ.व.२०८२।०८३ को लेखापरीक्षण गर्नका लागी लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारीश्रमिक तोक्ने सम्बन्धमा ।
(४) कम्पनीको ठेगाना परिवर्तन गर्ने सम्वन्धमा ।
(५) हाल भैरहेको संचालक समितिमा नयाँ संचालक सदस्यहरु थप गर्ने सम्बन्धमा
(६) विविध ।

**सञ्चालक समितिको निर्णयानुसार,**
**कम्पनी सचिव**



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेजी सम्बन्धी 30 दिने सूचना**

यस कार्यालयमा मिति २०७६/०९/२४ मा दर्ता भएको प्रा.लि.नं. २३२२४९ को **कुवेर सनी एग्रो रिर्सच कृषि सेन्टर प्रा.लि.** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाणसहित हक दावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१८ गते**

यस कम्पनीको मिति २०८२/११/१० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **काजामा इन्टरप्राइजेज प्रा.लि**.को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **काजामा मल्टिपर्पोज प्रा.लि. (प्रा.लि.नं. ३१९४२८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



**अधिकृत वारेसनामा वदर गरिएको सूचना**

म अधिकृत वारिस दिने **सन्तोषी गोले तामाङ** (ना.प्र.नं.३१/२१८२१) मिति २०६२/०१/१२ जि.प्र.का. काभ्रेपलाञ्चोक ले मेरो नाउमा भू.सु. तथा मा.पो.का ललितपुरमा एकलौटी दर्ता रहेको ललितपुर जिल्ला लामाटार वडा नं.१/ङ कि.नं.६९० को क्षे.फ. ०-४-२-० जग्गा बिक्री गर्न पाउने गरी ललितपुर जिल्ला अदालतबाट दं.नं.०७९-०७-०१३७ मिति २०७९/६/२१ मा अ.वा लिने रत्न सि तामाङको छोरा काभ्रेपलाञ्चोक जिल्ला माझी फेदा-५ को परिवर्तित चौरीदेउराली गा.पा.-३ बस्ने नेमा दोर्जे तामाङलाई अधिकृत वारिस नियुक्त गरेकोमा उक्त जग्गा बिक्री गर्नु नपर्ने भएकोले अक्त अधिकृत वारिस बदर गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, १८ फागुन, २०८२**

| | |
|---|---|
| **मेष** | मन उदास रहनेछ । विश्वासपात्रबाट धोका मिल्न सक्छ । |
| **वृष** | अनावश्यक चिन्ताले सताउनेछ । काममा ढिला सुस्ती हुनेछ । |
| **मिथुन** | नयाँ नयाँ विचार आउनेछ । धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ । |
| **कर्कट** | आत्मविश्वासमा कमि आउन सक्छ । सोचेर अघि बढ्नु उचित हुन्छ । |
| **सिंह** | मनमा ग्लानी उत्पन्न हुन सक्छ । गलत संगतबाट जोगिनु राम्रो हुन्छ । |
| **कन्या** | बौद्धिकतामा वृद्धि भएर जानेछ । समाजमा सम्मान मिल्ने सम्भावना छ । |
| **तुला** | अनिर्णयको बन्धी हुन सकिन्छ । आफूभन्दा ठुलाको कुरा सुनेर कार्य गर्नुहोला । |
| **वृश्चिक** | अहंकार बढेर जान सक्छ । बोल्नु भन्दा सुन्नु राम्रो हुन्छ । |
| **धनु** | दौडधुप बढ्नेछ । इष्टमित्रको साथ सहयोग प्राप्त हुनेछ । |
| **मकर** | कडा परिश्रम गर्नुपर्नेछ । दिन सामन्य रहनेछ । |
| **कुम्भ** | आडम्बरीपन बढेर जानेछ । शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ । |
| **मीन** | पुराना कुरा र पुराना सम्बन्धले मन व्यथित बन्नेछ । काममा मन जाने छैन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ फागुन, २०८२ (०२ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.२७ | १४५.८७ |
| युरो | १ को | १७१.४७ | १७२.१८ |
| पाउन्ड स्टिर्लङ | १ को | १९५.८२ | १९६.६३ |
| स्विस फ्रैन्क | १ को | १८८.०६ | १८८.८४ |
| अस्ट्रेलियन डलर | १ को | १०३.२७ | १०३.७० |
| क्यानाडियन डलर | १ को | १०६.२५ | १०६.६९ |
| सिङगापुर डलर | १ को | ११४.७७ | ११५.२४ |
| जापानी येन | १० को | ९.३२ | ९.३६ |
| चिनियाँ युआन | १ को | २१.१८ | २१.२७ |
| साउदी अरब रियाल | १ को | ३८.७३ | ३८.८९ |
| कतारी रियाल | १ को | ३९.८६ | ४०.०२ |
| थाई भाट | ख १ को | ४.६७ | ४.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५५ | ३९.७२ |
| मलेसियन रिङेट | १ को | ३७.३३ | ३७.४९ |
| दक्षिण कोरियन वन | १०० को | १०.०८ | १०.१२ |
| स्विडिस क्रोनर | १ को | १६.०५ | १६.१२ |
| डेनिस क्रोनर | १ को | २२.९५ | २३.०४ |
| हङकङ डलर | १ को | १८.५७ | १८.६४ |
| कुवेती दिनार | १ को | ४७५.५२ | ४७७.४८ |
| बहराइन दिनार | १ को | ३८५.२९ | ३८६.८८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# काठमाडौंमा ३२० मतदानस्थल र ८१७ मतदान केन्द्र

■ प्रभाव संवाददाता

**काठमाडौं–** यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सबैभन्दा धेरै १० वटा निर्वाचन क्षेत्र रहेको काठमाडौंमा ३२० मतदानस्थल र ८१७ मतदान केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालय काठमाडौंले जानकारी दिएको छ ।

१० वटा निर्वाचन क्षेत्रमा तीन लाख ६४ हजार महिला, तीन लाख ४६ हजार ११६ पुरुष, र अन्य सात गरी कूल सात लाख १० हजार ७०८ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय काठमाडौंकी सूचना अधिकारी सृजना रायमाझीले जानकारी दिइन् ।

काठमाडौं, निर्वाचन क्षेत्र नं १ मा २२ वटा मतदानस्थल र मतदान केन्द्र ५७ छन् । यहाँ २५ हजार २५२ महिला र २३ हजार २३७ पुरुष गरी कूल ४८ हजार ८४९ मतदाता रहेका छन् । काठमाडौं क्षेत्र नं. २ मा ४० वटा मतदानस्थल र मतदान केन्द्र १०० छन् । यस क्षेत्रमा पुरुष मतदाता ४५ हजार ३१५ र महिला मतदाता ४३ हजार ३९३ गरी कूल मतदाता ८८ हजार ७०८ रहेको पनि उनले सुनाइन् ।

काठमाडौं क्षेत्र नं ३ मा २९ मतदानस्थल र मतदान केन्द्र ७२ छन् । यस क्षेत्रमा महिला मतदाता ३२ हजार ९२३ र पुरुष मतदाता ३१ हजार ५५६ गरी कूल ६४ हजार ४७९ मतदाता रहेका छन् । काठमाडौं क्षेत्र नं. ४ मा ३३ मतदानस्थल र ८८ मतदान केन्द्र छन् । यहाँ ३९ हजार ५९९ महिला र ३६ हजार ५४२ पुरुष गरी ७६ हजार १४१ मतदाता रहेका छन् ।

काठमाडौं क्षेत्र नं. ५ मा मतदानस्थल ३१ र मतदान केन्द्र ९० छन् । यहाँ ४० हजार ८३२ महिला, ३७ हजार २७८ पुरुष र अन्य चार गरी कूल मतदाता ७८ हजार ११४ रहेका छन् । काठमाडौं क्षेत्र नं ६ मा मतदानस्थल ३२ र मतदान केन्द्र ७९ छन् । यहाँ महिला ३४ हजार ९५६, पुरुष ३२ हजार ८०२ र अन्य एक गरी कूल मतदाता ६७ हजार ७५९ छन् ।

काठमाडौं क्षेत्र नं ७ मा मतदानस्थल २९, मतदान केन्द्र ७८ छन् । यहाँ महिला ३४ हजार ७३८ र पुरुष ३२ हजार ६७३ गरी कूल ६७ हजार ४११ मतदाता रहेका छन् । काठमाडौं क्षेत्र नं ८ मा मतदान स्थल २३ र मतदान केन्द्र ६५ छन् । यहाँ महिला २९ हजार ८९८ र पुरुष २७ हजार ९१३ गरी कूल ५७ हजार ८११ मतदाता रहेका छन् । काठमाडौं क्षेत्र नं. ९ मा ३४ मतदानस्थल र मतदान केन्द्र ९० छन् । यहाँ महिला ४० हजार २७८ र पुरुष ३८ हजार २१७ गरी कूल ७८ हजार ४९५ छन् ।

काठमाडौं क्षेत्र नं १० मा मतदानस्थल ४७ र मतदान केन्द्र ९८ रहेको छ । यहाँ महिला ४२ हजार ७१६, पुरुष ४० हजार ५८३ र अन्य दुई गरी कूल मतदाता ८३ हजार ३०१ छन् ।

# ११ दल र १८६५ उम्मेदवारले मात्र खोले बैंक खाता

**काठमाडौं (प्रस)–** यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गराएका तीन हजार ४०६ प्रत्यक्ष उम्मेदवारमध्ये एक हजार ८६५ जना उम्मेदवारलेमात्र बैंक खाता खोलेको निर्वाचन आयोगले जनाएको छ ।

यस्तै, निर्वाचनमा भाग लिएका ६५ दलमध्ये ११ दललेमात्र खाता खोलेका छन् । आइतबारसम्म खाता खोल्ने दलमा नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, नेकपा (संयुक्त), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी (जसपा), संयुक्त नागरिक पार्टी, मितेरी पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी रहेका आयोगका सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिए ।

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारले लिने आर्थिक सहायताको पारदर्शिता र निर्वाचन कानुनले तोकेको खर्च सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि बैंक खाता खोल्ने व्यवस्था गरिएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ अनुसार निर्वाचनमा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भई समानुपातिक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारले कार्यविधिअनुसार खाता खोल्न भनिएको छ ।

निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिने र खर्च कारोबार सोही खातामार्फत हुने व्यवस्था गरिएको छ । यही व्यवस्थाअनुसार दल र उम्मेदवारले खाता खोलेका हुन् ।


**नेपाल सरकार**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**
**नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान**
**(नेपाल माउन्टेन एकेडेमी)**
**थापागाउँ, बिजुलीबजार, काठमाडौं**

**सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/११/१८**
**सूचना नं.** NPP-NCB-02/082/83.

नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानमा BMS र MATS मा अध्ययनरत बिद्यार्थीहरूलाई आइल्याण्ड पिक Imja Tse (Island Peak) (६१६५ मिटर) आरोहण समेतको प्रयोगात्मक कक्षा BMS 269: Field Study/ Research V [Mountain Climbing 6000 m with a Research Report] & MATS 801: Field Visit सञ्चालन गर्नुपर्ने भएकोले खाना, बास र यातायात व्यवस्थापनका लागि इजाजत प्राप्त एक्सपिडिसन फर्म तथा कम्पनीहरूबाट निम्न शर्तहरूका अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस प्रतिष्ठानको कार्यालयबाट सिलबन्दी बोलपत्र सम्बन्धी डकुमेन्ट खरिद गर्न सकिनेछ । सूचनामा उल्लेख नभएको विषयमा सार्वजनिक खरिद ऐन, २०६३ एवम् ऐ. नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ । थप जानकारीको लागि प्रतिष्ठानमा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ । साथै, प्रस्तुत सूचना प्रतिष्ठानको सूचनापाटी र वेबसाइट www.nma.gov.np मा समेत हेर्न सकिनेछ ।

| सि. नं. | ठेक्का नम्बर | सहभागी संख्या | सेवा अवधी | जम्मा अवधी | लागत अनुमान (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | NPP-NCB-02/082/83 | ०९ | २०८३ बैशाख मसान्त भित्र | १८ दिन | रू.१९,६४,१४३।- | |

**(कार्यकारी निर्देशक)**



**बटेश्वर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बटेश्वर, धनुषा**
**मधेस प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/१८**

यस कार्यालयबाट नयाँपत्रिका राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०९/२९ गते र प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा २०८२/१०/२७ गते प्रकाशित तपसिल बमोजिमको निर्माण कार्यको बोलपत्र आह्वान (ई-बिडिङ) सम्वन्धि सुचना अनुसार निर्धारित समयभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको न्युनतम मूल्यांकित बोलपत्र सारभूत रूपमा प्रभावग्राही भई मूल्याकंन समितिबाट छनौट तथा सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा दफा ४७ को लागि यस कार्यालयको मिति २०८२/११/१७ गतेको निर्णयानुसार सम्वन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि.नं. | ठेक्का नं./कार्य विवरण | छनौट भएको बोलपत्र दाताको नाम/ठेगाना | कबोल अकं (मू.अ.कर र PS सहित) | कै. |
|---|---|---|---|---|
| 1 | BRM/NCB/W/03/2082/083 Gaupalika Agaadi Samudayik Bhawan Nirman, Bateshwor RM-4 | R.k.Builders And Suppliers Pvt Ltd, Loharpati Municipality-04, Mahottari | Rs 19,65,087.67 | |
| 2 | BRM/SQ/W/01/2082/083The Construction of Jitiya Temple at ward no.3, BRM | Har Har Gange Construction Company Pvt.Ltd, Bishnupur-01, Siraha | 1,279,958.67 | |

**प्रमुख प्रशासकीय अधिकृत**



**ॐ साई कृषि सहकारी संस्था लि.**
**ल.पु.म.न.पा. वडा नं.१२ लगनखेल ललितपुर को नं. ०१५४२९८३४**

**ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउनेबारे ३५ दिने सूचना**

**प्रकाशित मितिः २०८२/११/१८ (सोमबार)**

यस संस्थाबाट तपसिलका ऋणी सदस्यले लिएको कर्जाको नियमित रूपमा बुझाउनु पर्ने साँवा, ब्याज तथा अन्य दस्तुर नतिरी नबुझाई यस संस्था संग गरेको कर्जा सम्बन्धी सम्झौता र शर्तहरूको उल्लंघन गरि भूक्तानिको अवधि समेत व्यतित गरि बसेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगरेको हुँदा तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई तिर्नुपर्ने साँवा, ब्याज तथा अन्य दै दस्तुर समेतको सम्पूर्ण रकम चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गराई लैजान ऋणी सदस्यहरूलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । अन्यथा सहकारी ऐन र सहकारी नियमावलि तथा संस्थाको विनियम बमोजिम धितोमा रहेको तपसिलमा उल्लेखित अचल सम्पत्ति लिलाम बिक्री गर्ने तर्फ कानुनी प्रक्रिया अगाडी बढाइने व्यहोरा समेत तपशिलका ऋणीहरूको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ र साथै सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट हुन नसकी यो सुरक्षण सकार गनु परेमा वा लिलाम बिक्रीबाट सम्पूर्ण रकम असुलउपर नभएमा असुलउपर हुन बाँकी रकम प्रचलित कानुन बमोजिम ऋणी सदस्यको अन्य चल-अचल सम्पत्ति जायजेथाबाट कानुन बमोजिम गरी यस संस्थाले आफ्नो लेना रकम असुलउपर गरिलिने व्यहोरा समेत सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको तिन पुस्ते विवरण | फोटो | धनजमानी दिनेहरू | फोटो | धितोमा रहेको सम्पतिको विवरण |
|---|---|---|---|---|
| **नाम : रजविर बोहोरा** बाबु राम शरण बोहोरा हजुर बुबा : गोपाल बहादुर बोहोरा ना.प्र.नं. ३२६५ |  | **नाम : रनविर बोहोरा** बाबु : राम शरण बोहोरा हजुरबुबा : गोपाल बहादुर बोहोरा ना.प्र. नं.: ९६८५ |  | रजविर बोहोरा, रनविर बोहोरा र सावित्री बोहोराको संयुक्त नाममा काठमाडौं मालपोत कार्यालयमा दर्ता कायम रहेका मूलपानी गा.वि.स. वडा नं.३ सीट न.३ क को कित्ता नं. ७५९ को क्षेत्रफल ०-११-०-० मा रहेको घर जग्गा एवम् सम्पूर्ण लिगलगापात समेत । |
| | | **नाम : सावित्री बोहोरा** ससुरा : गोपाल बहादुर बोहोरा पति : राम शरण बोहोरा ना.प्र. नं. ४५६९ |  | |
| नाम : मायाँ देवी शाक्य हर्ष राज शाक्य ना.प्र.नं. मायाँ ३४७, हर्ष ३४८ स्थाई ठेगाना ललितपुर १५ सातदोबाटो बाबुको नाम : देवराज शाक्य बाजेको नाम : पूण्य राज शाक्य |   | १. सुनिल शाक्य (भाई) ना.प्र.नं. ५३५१३ २. सरला रन्जित (बुहारी) ना.प्र.नं.: ९०६ | | मायाँ देवी शाक्य तथा हर्ष राज शाक्यको नाममा रहेको ललितपुर मालपोत कार्यालयमा दर्ता कायम रहेका ललितपुर उ.म.न.पा. वडा नं. १२ को कित्ता नं. ५८६ को क्षेत्रफल ० -१-१-३ मा रहेको घर जग्गा एवम् सम्पूर्ण लिगलगापात समेत । |



**Upper Syange Hydropower Limited**
**Kathmandu, Nepal**

**NOTICE FOR INVITATION OF QUOTATION CALL FOR SPEAR PARTS.**

**Date:** 01 March 2026
**Ref No.:** USHL/Proc/TR-I HVVCB/2026/01
**Invitation for Sealed Quotation for spear parts supply.**

Upper Syange Hydropower Limited invites sealed quotations from eligible manufacturers, authorized distributors, or suppliers for the supply, delivery, and testing of the following items for its hydropower project.

**1. Details of Goods**

| S.N. | Technical specification | Unit | Quantity |
|---|---|---|---|
| 1 | **Pelton Turbine Runner:** Horizontal Pelton type axial flow turbine of runner (13% Cr, 4%Ni) rated power output capacity of 1250kW at rated net head (432.02 m) and rated discharge (0.32 /s) and capable of delivering of a continuous maximum output of 10 % more up on the available head or discharge. The material of runner Stainless steel 304 Grade, single cast or forged type (all dimensions as per approved design parameters) | Set | 1 |
| 2 | **Indoor High Voltage Vacuum Circuit Breaker**: **Type: ZN63(VS1)-12,** Frequency :50Hz, Voltage 12 Kv, Normal Current: 630A, Short -circuit breaking current: 25Ka, Lighting Impulse withstand voltage: 75Kv, Duration of Short circuit: 4s , Operating sequence: 0-0.3s-CO-180s, Operating voltage: AC 220, DC 220. ( Anti Jump Atresia, Auxiliary switch _8 open _8 close | Set | 1 |
| | *Note: Please, contact for the detail specification and drawing in office.* | | |

**2. Eligibility Criteria**
- Registered manufacturer/supplier with valid company registration.
- PAN/VAT registration certificate.
- Experience in supply of hydropower mechanical equipment.
- Submission of technical specifications and past performance records.

**3. Quotation Submission Details**
- **Submission Deadline:** [ Date 15th March 2026 & Time: 4:0 PM]
- **Submission Place:** Chandol-4, Kathmandu
- **Email add:** upper.suange@gmail.com (if applicable).
- **Contact No:** +977-014542860, Mobile No- +977-9840137131

**4. Required Documents**
- Company Registration Certificate
- PAN/VAT Certificate
- Latest Tax Clearance Certificate
- Technical specification & compliance sheet
- Delivery schedule
- Warranty commitment

**5. Terms & Conditions**
- Prices must be quoted in Nepalese Rupees (NPR), inclusive/exclusive of VAT clearly specified.
- Delivery period must be clearly mentioned.
- The company reserves the right to accept or reject any or all quotations without assigning any reason whatsoever.
- Incomplete quotations shall not be considered

**Upper Syange Hydropower limited**
**Chandole-4, Kathmandu Nepal**



**हिप्को ट्रेडिङ प्राईभेट लिमिटेड**
**गणबहाल, काठमाडौं**
**(पान न. ६०४३२७८७१) को सूचना**

यस कम्पनीले आयात गरी ल्याएको Montra Electric, India कम्पनीद्वारा उत्पादित Three Wheeler-ev मोडेल न.SuperAuto L क्षमता 9 kw ब्याट्री क्षमता 9 Kwh को अधिकतम खुद्रा मुल्य (MRP) रु.९४९,९००/- रहेको व्यहोरा गराइन्छ ।



**JOB OPPORTUNITY IN MALAYSIA !! ZERO COST RECRUITMENT**
**शून्य लागत अन्तर्गत मलेसियामा वैदेशिक रोजगारीको अवसर !!**

Free visa ! Free ticket! Free medical checkup! Free visa processing ! Free passport ! Free Insurance ! Free lodging fooding interview time and flight time / free service charge & Free !
निःशुल्क भिशा ! निःशुल्क हवाई टिकट ! निःशुल्क स्वास्थ्य जाँच ! निःशुल्क भिसा प्रक्रिया ! निःशुल्क पासपोर्ट ! निःशल्क बीमा ! निःशुल्क सामाजिक सुरक्षा कोष निःशुल्क बसोबास, खाना, अन्तर्वार्ता समय र उडान समय र निःशुल्क सेवा शुल्क ।

कम्पनीः केमी-कन एस डि एन. बि एच डि. — ठेगाना : जलन केलाङ-बन्ति — सच्याइएको
Company name : CHEMI-CON SDN. BHD. — Address : Jalan Klang-Banti

| पूर्व स्वीकृति मिति : २०८२/११/१५ Pre Approval Date: 2026-02-27 | चलानी नं.: ६०२५३१३७ Reference No: 60253137 | LOT NO. 339661 |
|---|---|---|

| सि. न | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यनतम योग्यता | Monthly Basic Salary मासिक तलव RM | Monthly Basic Salary मासिक तलव ने.रू | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रति दिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Helper हेल्पर | 16 १६ | 0 0 | Proficient in reading/ writing/ speaking/ understanding English with +2 passed अंग्रजीमा राम्रोसंग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनुपर्ने | 1700 १७०० | 63645 ६३,६४५ | As per Malaysian Labour Law मलेसिया श्रम कानुन अुसनर | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

नोटः- आवेदकहरूलाई कुनै पनि मध्यस्थकर्ता (बिचौलिया) प्रयोग नगरी सिधै आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदकहरु वा आवेदकका परिवारका सदस्यहरूले यस भर्तीको लागि कुनै पनि प्रकारको शुल्क तिर्न आवश्यक छैन । नैतिक भर्ति र पारदर्शिताप्रतिको हाम्रो प्रतिबद्धताको अंशको रूपमा, सबै उम्मेदवारहरूलाई अन्तर्वातांको दिन राहदानी (Passport), राष्ट्रिय परिचयपत्र र नागरिकता ल्याउन अनुरोध गरिन्छ । यी कागजातहरु पहिचान प्रमाणीकरण उद्देश्यका लागि र नैतिक भर्ती मापदण्डहरूको पालना सुनिश्चित गर्न कडाइका साथ आवश्यक छन् । तपाईको सहयोगले हामीलाई सुरक्षित, निष्पक्ष र नैतिक भर्ती वातावरण कायम राख्न मद्दत गर्दछ ।
Note:- Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment. As part of our commitment to ethical recruitment and transparency, all candidates are requested to bring original passport, citizenship and national identity documents on the day of interview. These documents are required strictly for identity verification purposes and to ensure compliance with ethical recruitment standards. Your cooperation helps us maintain a safe, fair, and ethical recruitment environment.

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकल शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | Abroad Medical cost borne by विदेशमागर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवनविमा कस्ले व्यहोर्ने र कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाता रोजगारदाताले व्यहोर्ने | By Eployer Age 18-35= 3708 Above 35 age= 4931 रोजगारदाताले व्यहोर्ने उमेर १८-३५= ३७०८ ३५ वर्ष माथि= ४९३१ | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोर्ने |

नोटः मेरिडियन ओभरसिज प्रा.लि.को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । वैदेशिक रोजगारमा जाने कामदारहरूबाट मेरिडियन ओभरसिज प्रा.लि.ले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने ।
Note: Meridian Overseas Pvt. Ltd does not have any branch or mediator representative. This is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions.

Meridian Overseas Pvt. Ltd is committed to abide laws and principle guidelines of "ZERO COST' and 'ETHICAL RECRUITMENT' providing equal opportunities treating fairly with the dignity in transparent way.
मेरिडियन ओभरसिज प्रा.लि. ले शुन्य लागत र नैतीक भर्तीको कानूनी सिद्धान्त पालना गरी पारदर्शी र मर्यादित रूपमा समान अवसरको सेवा प्रदान गर्नको लागि प्रतिबद्धता व्यक्त गर्दछ ।

If you have any complaints or feedback, please do contact us via the phone number +977-9802394407 or email address : info@meridianoversea.com, grievancemeridian@gmail.com Web : www.meridianoversea.com
यदि तपाईं सँग कुनै गुनासो वा प्रतिक्रिया छ भने, कृपया हामीलाई फोन नम्बर ९८०२३९४४०७ वा ईमेल ठेगाना : info@meridianoversea.com, grievancemeridian@gmail.com Web : www.meridianoversea.com मार्फत सम्पर्क गर्न सक्नुहुन्छ ।

यस प्रक्रियाअन्तर्गत सबै आवेदनकर्तालाई आवेदन दिने अवसर प्रदान गरिनेछ र उनीहरूलाई हाम्रो नैतिक छनोट प्रक्रियामा सहभागी गराइनेछ ।
**We adhere to the principles of impartial, transparent, and ethical selection. Under this process, all applicants will be provided with an opportunity to apply and will be included in our objective selection procedure.**

फाइनल अन्तर्वार्ता मेरिडियन ओभरसिज प्रा.लि. को धुम्बाराही काठमाडौं अफिस कार्यालयमा मिति २०८२, फाल्गुन २३ गते हुनेछ ।
**Final Interview will be conducted at the premises of Meridian Overseas, Dhumbarahi, Kathmandu on 7 Mar, 2026.**

**वैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** :- १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन न हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**Information provided by the Department of Foreign Employment (DOFE):** 1. Confirm that visa is issued under your name. 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble. 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement. 4. Before going abroad orientation or induction training should be atten ded compulsorily. 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same. 6. While going abroad use International Airport of Nepal or else you might be deceived. 7. If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

**MERIDIAN OVERSEAS PVT. LTD.**
**मेरिडियन ओभरसिज प्रा.लि.**
Dhumbarahi, Kathmandu, Nepal. Tel. : +977-1-014547371/72,
WhatsApp / Viber: +977-9802394407
धुम्बाराही, काठमाडौं, टेलिफोन : +९७७-१-०१४५४७३७१/७२, ह्वाट्सएप/ भाइबर : +९७७- ९८०२३९४४०७

श्रम ईजाजत नं. ६१३/०६२/०६३

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मध्यपूर्वका नेपालीलाई सुरक्षित बनाऊ

नेपालीहरूको प्रमुख रोजगार गन्तव्य यतिबेला अमेरिका–इजरायल–इरान द्वन्द्वले संकटमा फसेको छ । इजरायल–हमास द्वन्द्वका कारण इजरालयमा पुगेका नेपाली आतंकित बनेको केही वर्ष बित्न नपाउँदै ठूलो संख्यामा नेपाली रहेको क्षेत्रमा युद्ध आतंक फैलिएको हो । अमेरिका र इजरायले मिलेर इरानमा आक्रमण गरेपछि इरानले मध्यपूर्वका देशहरूमा रहेका अमेरिकी सैन्य बेसहरूमा जवाफी कारबाही सुरु गरेको छ । यो आक्रमणमा परी युनाइटेड अरब इमिरेट्स (युएई)मा एक जना नेपालीले ज्यान गुमाएका छन् ।

शनिबार युएईको दुबई, अबुधाबी, बहराइन, दोहा, कुवेत क्षेत्रमा मिसाइल प्रहारको आतंक फैलिएको थियो । यसका कारण कतिपय नेपाली सुरक्षितरूपमा नेपाल फर्काउन भन्दै हारगुहार गर्न थालेका देखिन्थे । आइतबार पनि यो क्रम जारी नै रह्यो । यो द्वन्द्व कति लामो तन्किने हो यकीन गर्न सकिएको छैन । तर रोजगारी, व्यवसाय र भ्रमणमा पुगेका नेपालीहरूका लागि निकै तनावपूर्ण बनेको छ ।

देशमा रोजगारीको उचित प्रबन्ध नभएका कारण कमाउन र जमाउन नेपालीहरू विश्वका विभिन्न देश पुग्ने गर्छन् । नेपालीहरूको पहिलो रोजाइ अमेरिका र युरोपेली देशहरू पर्छ । तर पछिल्लो समय ती देशमाजतिकै कमाइ मध्यपूर्वमा पनि हुन थालेपछि नेपालीहरूको प्रमुख रोजगार गन्तव्य बनेको छ, मध्यपूर्व । मध्यपूर्व नेपाली व्यवसायीहरूका लागि पनि आकर्षक थलो बन्दै गएको थियो । स्थिरता र सुरक्षाका कारण नेपालीहरूले यी देशका रियल स्टेटदेखि विभिन्न क्षेत्रमा लगानी गर्न थालेका थिए ।

परराष्ट्र मन्त्रालयको तथ्यांकअनुसार उक्त क्षेत्रमा १७ लाखभन्दा बढी नेपाली छन् । अवैधानिकरूपमा बसेका नेपालीहरूसमेत जोड्दा यो संख्या अझ बढ्छ । सैन्य संरचना र सुरक्षामा नेपालभन्दा कयौं गुणा शक्तिशाली रहेकाले यी देशहरूले मिसाइललाई आकाशमै निस्तेज पारेकाले अहिलेसम्म ठूलो क्षति भएको छैन । यो द्वन्द्व बढ्दै गएमा यी क्षेत्रमा के हुन्छ भन्ने कुरा भगवान् भरोसामै छाड्नुपर्ने देखिन्छ । किनभने, नेपाली नियोग, नेपाल सरकार, परराष्ट्र मन्त्रालयले नेपाली नागरिकको सुरक्षाका लागि अहिलेसम्म कुनै पनि कदम चालेको देखिँदैन ।

नेपाली नागरिकबाट रेमिटयान्स भित्रिँदा खुसी हुने सरकारले मिठा कुराबाहेक केही गर्न सकेको छैन । नोट चल्ने, भोट चल्ने तर नेपालीको सुरक्षामा कुनै योजना बनाउन नसक्नुले देखाउँछ, नेपाल सरकारले आफ्नो नागरिकको सुरक्षामा कतिको लगानी गर्छ भन्ने । सरकारले विदेशस्थित दाताबाट अनेकन दान लिने गर्छ । मध्यपूर्वमा रहेका देशहरूबाट पनि यसरी नै दान लिँदै आएको छ । यस्तो दान सरकारले लिनुभन्दा त्यहाँ पुगेका नेपालीको सुरक्षा र पूर्वतयारीमा लगानी गर्नु आजको प्रमुख आवश्यकता हो । यसबारे सरकारले चाँडै काम थालोस् ।

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं-कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।


### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं-रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# डिजिटल युगमा लोकतन्त्रको परीक्षण



❑ धर्मेन्द्र झा

> “ निर्वाचन केवल राजनीतिक प्रतिस्पर्धामात्र होइन, लोकतन्त्रको आधारशिला हो । स्वतन्त्र चिन्तन र निर्णय गर्ने मतदाताको अधिकारको सुरक्षा गर्नु राज्यको दायित्व हो । डिजिटल प्रविधि लोकतन्त्रलाई सशक्त बनाउने माध्यम बन्नुपर्छ, कमजोर पार्ने हतियार होइन । यसको सकारात्मक प्रयोगलाई प्रोत्साहन गर्दै नकारात्मक दुरूपयोगलाई नियन्त्रण गर्न सकिएमा मात्र निर्वाचन प्रक्रिया स्वच्छ, निष्पक्ष र विश्वसनीय बन्न सक्छ, यसमा विमति हुन सक्दैन । यस्तोमा प्रतिनिधिसभा निर्वाचन केवल प्रतिनिधि चयन गर्ने अवसरमात्र होइन, डिजिटल युगमा लोकतन्त्रको परीक्षण गर्ने औजार पनि हो ।

कुनै ठूलै बिघ्नबाधा उत्पन्न नभए नेपाली मतदातताले प्रतिनिधिसभा सदस्यको चुनाव गर्न आजको तेस्रो दिन अर्थात् २०८२ फागुन २१ गते बिहीबार मतदान गर्ने छन् । निर्वाचन आयोगले शुक्रबार (फागुन १४) पत्रकार सम्मेलनमार्फत निर्वाचन सुनिश्चितताबारे सबै सरोकारवालालाई आश्वस्त बनाउने प्रयत्न गरेको छ । आयोगले उम्मेदवार मनोनयनको प्रक्रिया सम्पन्न गरेर पछिल्लो समयमा कानुनी प्रक्रियाका आधारमा आचारसंहिता लागू गर्ने र मतदाता शिक्षालगायत कार्य गर्दै छ । यो निकै सकारात्मक छ । यति हुँदाहुँदै पनि सम्भावित चुनौतीबारे सबैले सचेत रहनु जरुरी छ ।

समयसँगै भित्रिएको प्रविधिगत विकासले निम्त्याएको/निम्तिएको चुनौती त्यस्तै एक होभन्दा अन्यथा नठहरिएला । प्रविधिगत चुनौतीको कुरा गर्दा सर्वाधिक प्रमुख छ सञ्चार प्रविधि क्षेत्रको चुनौती । प्रविधिगत विकासका आयामलाई प्रत्येक अवस्थामा चुनौती मानिनु हुँदैन, होइन पनि । तर यिनको प्रयोग कुनै पनि व्यक्ति वा समूहले आफ्ना निहित स्वार्थलाई सर्वोपरि मानेर अरुलाई नकारात्मक असर पर्नेगरी प्रयोग गर्ने मनसाय राख्छ वा प्रयोग गर्छ भने त्यसले निश्चितरूपमा चुनौती निम्त्याउँछ । यस अवस्थाबाट अर्थात् यस्तो चुनौतीबाट आसन्न निर्वाचनको प्रक्रिया पनि प्रभावित छैन वा हुँदैन भनेर भन्न सकिने अवस्था नरहन सक्छ । प्रविधिको सदुपयोगले मानव जीवनलाई सहज र सुविधासम्पन्न बनाउँछ भन्ने अपेक्षा र विश्वास गरिन्छ तर यो कुरा निश्चय पनि यसको प्रयोगको विधि र नियतमा भर पर्छ ।

निर्वाचन लोकतन्त्रलाई थप मजबुत बनाउने, सामाजिक सद्भाव र वैचारिक सहअस्तित्वलाई गहिरो बनाउने अवसर पनि हो । आसन्न निर्वाचनका माध्यमबाट निषेध र अराजक सोचलाई विस्थापित गर्दै कानुनको शासन र सुशासनका पक्षमा नयाँ, जिम्मेवार सोचको उदय हुनुपर्छ र यसका लागि मतदाताको विवेकपूर्ण निर्णय अत्यन्तै महत्त्वपूर्ण हुन्छ । निश्चय पनि आसन्न चुनाव सचेत नागरिकको निर्णयले ऐतिहासिक बन्न सक्नुपर्छ । हामी सबैलाई जानकारी छ, प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा राजनीतिक गतिविधि तीव्र बन्दै गएका छन् । नागरिकलाई आफ्ना प्रतिनिधि छान्ने संवैधानिक अधिकार प्रदान गर्ने निर्वाचन लोकतन्त्रको सुदृढीकरणका लागि एक महत्त्वपूर्ण आधार हो ।

माथि पनि चर्चा गरियो, यसपटकको निर्वाचनका सन्दर्भमा सूचना प्रविधिको विकास एक बलियो चुनौतीका रूपमा उपस्थित भएको छ । यसपटकको निर्वाचनमा परम्परागत प्रचारप्रसारसँगै डिजिटल प्लेटफर्म र अनलाइन स्पेसको प्रयोग अत्यधिक बढेको छ । यही बढ्दो डिजिटल प्रयोगसँगै केही गम्भीर चुनौती पनि सतहमा देखिएका छन् । जतिजति चुनाव नजिकिँदै छ, आफ्नै स्वार्थका लागि अरूको बद्नाम गर्ने प्रवृत्ति पनि बढ्दो छ । यस कार्यमा सूचना प्रविधिको प्रयोग गरिँदै छ र डिजिटल स्पेसलाई माध्यम बनाइँदै छ । फेक खबर, डिपफेक भिडियो, घृणा फैलाउने सामग्री अहिले कुनै पनि मतदाताका मोबाइलमै आइपुग्न सक्छन् । मतदातासामु भावनामा बगेर नझुक्किने चुनौतीको सामाना गर्ने बाध्यात्मक अवस्था आइपर्न सक्छ । विचारणीय छ, आफ्नो मोबाइलसम्म अनपेक्षित, अनिच्छित र अवाञ्छितरूपमा आइपुगेका सूचनालाई पुष्टि गरेरमात्र प्रयोग गर्ने वा नगर्ने अतिरिक्त मानसिक दबाबमा छन् मतदाता ।

आजका मतदाता कुनै पनि सूचनामाथि त्यतिकै सरल र सहजरूपमा विश्वास गरिहाल्नसक्ने अवस्थामा छैनन् भन्दा असत्य ठहर्दैन । निश्चय पनि अप्रमाणित कुराका आधारमा धारणा बनाउनु उचित हुँदैन । इन्टरनेटमा आधारित माध्यमको प्रयोग गरेर स्वार्थ समूहले फैलाएको ‘प्रोपोगण्डा’को उपस्थितिमा मतदाता दिग्भ्रमित हुनसक्ने अवस्थामा छन् र उनीहरू उचित निर्णय लिने क्रममा अत्यन्तै सकसपूर्ण अवस्थाको सामाना गर्न बाध्य छन् । मतदाताले सचेत अवस्थामा उचित निर्णय गर्न नसकेको अवस्थामा गलत सूचनाले हाम्रो लोकतन्त्रलाई नै भ्रमित बनाउन सक्छ ।

प्रविधिको प्रयोग नराम्रो होइन तर दुरूपयोग भने नराम्रो हो । यो आलेख तयार गर्ने सन्दर्भमा पनि एआई (कृत्रिम बौद्धिकता)लगायतका सूचना प्रविधिसम्बद्ध संयन्त्रहरूको सहयोग लिने प्रयत्न गरिएको छ । केही प्रश्न सोधेर उत्तर खोज्ने र सही विश्लेषणको प्रयत्न भएको छ । उद्देश्य आममतदाताको हित रक्षा हो । यसलाई नकारात्मक मान्न नसकिएला, तर यही संयन्त्रलाई प्रयोग गरेर कसैले गलत सूचनामा आधारित विश्लेषण प्रस्तुत गरेर मतदातालाई आफ्नो स्वार्थ अनुकूल प्रभावित गर्ने उद्देश्य राख्दछ भने निश्चय पनि त्यो गलत हो ।

डिजिटल स्पेसले विगतको निर्वाचन प्रचारको शैलीलाई नै परिवर्तन गरेको छ । वर्तमानको डिजिटल स्पेसले विगतका निर्वाचनमा प्रयोग हुने गरेको पर्चा, पोस्टर-पम्प्लेटको स्थान, स्वरूप र शैलीमा परिवर्तन गरेको छ । यी सबै कार्य अहिले डिजिटल प्लेटफर्ममार्फत हुन थालेका छन् ।

यस्तै विगतको भित्तेलेखनले पनि कुनै न कुनै रूपमा डिजिटल स्पेसमा स्थान सुरक्षित गरेको छभन्दा अन्यथा ठहर्दैन । विगतमा घरदैलो कार्यक्रम, आमसभा, सञ्चारमाध्यम मुख्य प्रचार माध्यम हुन्थे भने अहिले सामाजिक सञ्जाल, अनलाइन न्युज पोर्टल, भिडियो प्लेटफर्म, म्यासेजिङ एप र एआई प्रविधिको प्रयोगले प्रचारको स्वरूप नै परिवर्तन गरिदिएको छ । कसैको पनि असहमति नहोला, वर्तमानमा फेसबुक, टिकटक, युटचुब, एक्स (ट्विटर)जस्ता प्लेटफर्महरू राजनीतिक बहस र प्रचारका प्रमुख माध्यम बनेका छन् । आसन्न निर्वाचन पनि अपवाद् बन्ने कुरा भएन । उम्मेदवार र दलहरूले मतदातासम्म छिटो र प्रत्यक्षरूपमा पुग्न डिजिटल माध्यमलाई प्राथमिकता दिएका छन् । यसले सूचना पहुँच सहज बनाएको छ र युवा पुस्ताको सहभागिता पनि बढाएको मान्न सकिएला तर यसै उपक्रममा अनेक जटिलता पनि थपिएका छन् । सकारात्मक पक्षसँगै नकारात्मक पक्ष पनि उत्तिकै देखिन थालेका छन् ।

डिजिटल स्पेसमा मिथ्या सूचना, दुराशययुक्त सूचना र अफवाहहरूको बाढी आएको छ । कतिपय अवस्थामा झूटा भिडियो, फोटो सम्पादन, एआईमार्फत बनाइएका नक्कली आवाज, भ्रामक तथ्यांक आदिको प्रयोग गरी मतदातालाई भ्रमित पार्ने प्रयास भइरहेको देखिन्छ । यसले आममतदाताको मनोविज्ञानमा प्रभाव पार्छ, उनीहरूलाई अन्योलमा पार्छ र गलत निर्णय लिन प्रेरित गर्न सक्छ । माथि पनि चर्चा गरियो उचित निर्णयको अभावमा समग्र लोकतन्त्र नै प्रभावित हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । निर्वाचन आयोग यस सम्भावनाप्रति सचेत छ र आवश्यक पहल गरिरहेको छ तर आयोगमात्रैको प्रयासले यो कार्यमा सायद पूर्णतः सफलता प्राप्त गर्न कठिन हुन सक्छ । सबैको सहयोग अपेक्षित छ ।

एल्गोरिदमद्वारा सिर्जित हुने ‘इको चेम्बर’ डिजिटल प्लेटफर्मको अर्को चुनौती हो । सामाजिक सञ्जालले प्रयोगकर्तालाई उनीहरूले रुचाएका वा पहिले हेरेका वा प्रयोग गरेका जस्तै सामग्री बारम्बार देखाउँछ । यसले व्यक्ति एउटै विचारधारामा सीमित हुने र फरक दृष्टिकोण सुन्न नचाहने अवस्था सिर्जना गर्छ । यस अवस्थामा स्वस्थ बहस र सहिष्णु संवादको संस्कृति कमजोर हुनसक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । मतदाताले बहुआयामिक सूचना पाउन नसक्दा स्वतन्त्र निर्णय गर्ने क्षमतामा असर पर्न सक्छ ।

आयोगका अनुसार शुक्रबारसम्म स्वच्छ निर्वाचन प्रभावित पार्ने उद्देश्यले निर्माण गरिएका ६१२ वटा ‘टक्सिक सूचना सामग्री’लाई कारबाही गरिएको छ । आयोगका अनुसार विभिन्न नियामक निकायसँगको समन्वयमा त्यस्ता ‘टक्सिक सूचना सामग्री’लाई कारबाही गरिएको हो । आयोगको कारबाहीमा परेका त्यस्ता ‘टक्सिक सूचना सामग्री’मध्ये ५४ प्रतिशत एआई निर्मित छन् । यस सन्दर्भमा एउटा कुरा मननीय छ, त्यो के भने कारबाही गरिएका उक्त परिमाणका ‘टक्सिक’ सूचना सामग्री निर्वाचन आचारसंहिता लागू भएपछिका दिनका हुन् । निर्वाचन त तिथि घोषित भएकै मितिदेखि दल, उम्मेदवार र मतदातालाई लागिसकेको पृष्टभूमिमा यस्ता मिथ्या सूचना कति प्रवाहित भएका होलान् ? निश्चय पनि यकीन गर्न सकिँदैन ।

यतिमात्र होइन, डिजिटल स्पेस असुरक्षित बन्दै गएको आकलन गरिएको छ । जानकारहरूका अनुसार व्यक्तिगत डेटा चोरी, गोपनीयता उल्लंघन, ट्रोलिङ, साइबर दुर्व्यवहार र घृणात्मक अभिव्यक्तिजस्ता समस्या पछिल्ला समयमा बढेका छन् । यस्तोमा यी समस्याको उपस्थितिमा राजनीतिक प्रतिस्पर्धा तीव्र हुँदा अनलाइन आक्रमण र चरित्र हत्या गर्ने प्रवृत्ति बढ्न सक्छ । यस्तो वातावरणमा आममतदाताले मानसिक दबाब महसुस गर्न सक्छन् । लगातार नकारात्मक सन्देश, उत्तेजक सामग्री र भय पैदा गर्ने सूचनाले तनाव र असुरक्षा बढाउनु स्वाभाविक हो । अहिलेको अवस्थामा यो प्रवृत्ति हाबी हुन खोजेको छ भन्नु असंगत हुँदैन । आज १८ गतदेखि मौन अवधि सुरु हुँदै छ । यस अवधिमा परिचित वा अपरिचित डोमेनबाट डिजिटल स्पेसमार्फत हस्तक्षेप बढाउने प्रयास हुनसक्छ । अतः यस अवधिमा डिजिटल स्पेसको अनुगमन अझै सावधानी अपनाउनु अपरिहार्य छ ।

एआई प्रविधि स्वयंमा सकारात्मक सम्भावना बोकेको साधन हो । यसलाई मतदाता शिक्षा, तथ्य परीक्षण, सूचना विश्लेषण र पारदर्शिता बढाउन प्रयोग गर्न सकिन्छ । तर हाल एआईको नकारात्मक प्रयोग बढी हुन थालेको आशंका छ । उदाहरणका लागि, एआईमार्फत नक्कली भिडियो वा अडियो बनाएर उम्मेदवारको छवि बिगार्ने प्रयास, गलत उद्धरण फैलाउने वा सामाजिक विभाजन बढाउने सामग्री उत्पादन गर्नेजस्ता गतिविधि हुन सक्छन् । निश्चय पनि यसबाट लोकतान्त्रिक प्रक्रियामा प्रत्यक्ष असर पर्न सक्छ ।

लोकतन्त्रको मूल आत्मा भनेको स्वतन्त्र, सूचित र विवेकी मतदाताको निर्णय हो । मतदाता भ्रमित भए, मानसिक दबाबमा परे वा गलत सूचनाबाट प्रभावित भए भने निर्वाचनको निष्पक्षता र विश्वसनीयता कमजोर हुन सक्छ । त्यसैले डिजिटल स्पेसमा फैलिने मिथ्या तथा दुराशययुक्त सूचनालाई नियन्त्रण गर्नु आवश्यक छ । यसका लागि राज्य, राजनीतिक दल, सञ्चारमाध्यम, प्रविधि कम्पनी र नागरिक सबैको साझा जिम्मेवारी हुन्छ ।

सारमा, यो अवस्था रोकिनु आवश्यक छ । निर्वाचन केवल राजनीतिक प्रतिस्पर्धामात्र होइन, लोकतन्त्रको आधारशिला हो । स्वतन्त्र चिन्तन र निर्णय गर्ने मतदाताको अधिकारको सुरक्षा गर्नु राज्यको दायित्व हो । डिजिटल प्रविधि लोकतन्त्रलाई सशक्त बनाउने माध्यम बन्नुपर्छ, कमजोर पार्ने हतियार होइन । यसको सकारात्मक प्रयोगलाई प्रोत्साहन गर्दै नकारात्मक दुरूपयोगलाई नियन्त्रण गर्न सकिएमा मात्र निर्वाचन प्रक्रिया स्वच्छ, निष्पक्ष र विश्वसनीय बन्न सक्छ, यसमा विमति हुन सक्दैन । यस्तोमा प्रतिनिधिसभा निर्वाचन केवल प्रतिनिधि चयन गर्ने अवसरमात्र होइन, डिजिटल युगमा लोकतन्त्रको परीक्षण गर्ने औजार पनि हो । डिजिटल स्पेसलाई सुरक्षित, विश्वसनीय र जिम्मेवार बनाउन सकियो भने मतदाताको स्वतन्त्रता सुरक्षित रहन्छ र लोकतन्त्र अझ सुदृढ बन्ने सुनिश्चित हुन्छ । *रासस*

## पाठक मञ्च

# ‘मासुभात’ र ‘पैसा’ मा नबिकौं, काम गर्नेलाई मतदान गरौं !

प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब तीन दिनमात्र बाँकी छ । चुनावमा मतदानका लागि आफ्नो गाउँ फर्कने क्रम चलिरहेको छ । काठमाडौं उपत्यकामा बसोबास गरिरहेका अन्य जिल्लाका मतदातालाई गाडी रिजर्भ गरेर राजनीतिक दलहरूले गाउँ फर्काइरहेका छन् । उनीहरूलाई गाडी भाडा र खाना खर्च निःशुल्क गरिएको छ । राजनीतिक दलले नै गाडी भाडा र खाना खर्च व्यहोरेर मतदाता ओसारिरहेका छन् । मतदान नहुञ्जेल खाने-बस्ने व्यवस्था पनि पार्टीले नै मिलाएको छ । एक जना मतदातालाई यसरी लैजाँदा पाँच हजारदेखि १५ हजार रूपैयाँसम्म खर्च हुन्छ ।

उम्मेदवारहरूले यत्रो पैसा कहाँबाट ल्याए ? टिकट लिनकै लागि उम्मेदवारहरूले पार्टीलाई करोडौं रूपैयाँ दिएको सुनिन्छ । हाल यत्रो पैसा खर्च गरेर मतदातालाई लगिँदै छ । करोडौं खर्च गर्नसक्ने उम्मेदवारको आम्दानीको स्रोत के ? चुनाव लागेसँगै महँगी बढेको छ । व्यापारीले सामानमा पाँच रूपैयाँदेखि ३०० रूपैयाँसम्म बढाएका छन् ।

बजारमा सुनिएअनुसार सबभन्दा बढी खर्च गर्ने पार्टी रास्वपा हो । रास्वपाले आफ्नै खर्चमा मतदाता ओसारिरहेको गाइँगुइ छ । त्यो पैसा कहाँबाट आयो ? यत्रो पैसा खर्च गरेर अहिले मतदाता ओसार्नेले भोलि पदमा पुगेपछि के गर्छ ? देश विषम् परिस्थितिमा छ । यस्तो अवस्थामा चुनाव हुँदै छ ।

जनताले यसअघि पनि पटक-पटक मतदान गरिसकेका छन् । तर, मासुभात, रक्सी र केही रकममा बिक्दा के भयो ? संसद्मा राम्रो प्रतिनिधि गएनन्, देशमा भ्रष्टाचार भयो । विकास भएन, जनताले रोजगारी पाएनन् । जनता दुःखकष्टमा छन् । तैपनि, जनतामा अहिले पनि चेत आएको देखिएन ।

फ्रिमा गाडी चढ्न र मासु भात खान जनताले आफ्नो अमूल्य मत गलत उम्मेदवारलाई दिइरहेका छन् । गलत उम्मेदवार आउनु भनेको पाँच वर्ष जनता आफैंले दुःख पाउनु हो । महँगी बढ्छ, बेरोजगारी बढ्छ । रोजगारीका लागि जनता फेरि विदेसिनुपर्छ । विकासको नाममा भ्रष्टाचार हुन्छ ।

जनताले तिरेको करको सदुपयोग हुँदैन । अहिले उम्मेदवारले गरेको खर्च भोलि उठाउने जनतासँगै हो । तर पनि जनतामा सचेतना नआउनु विडम्बनापूर्ण छ । उपत्यकाभित्र सर्वसाधारणको चहलपहल धेरै घटिसकेको छ । अधिकांश सटर बन्द छ । यसले धेरै घर गइसकेको पुष्टि हुन्छ ।

कति भोट माग्न गएका छन् त कतिपयलाई राजनीतिक दलले लगेका छन् । मतदान गर्ने बेलामा जनतालाई लगिन्छ, फेरि फर्काइन्छ । नयाँ भनाउँदा पार्टीको पनि पारा त्यस्तै छ । जसका कारण यसपटकको निर्वाचनबाट पनि परिवर्तन हुने देखिएको छैन । उम्मेदवारले पैसा हालेर लिएर जान्छन्, भोलि जनताबाटै उठाउँछन् ।

मतदान जनताको स्वतन्त्र अधिकार हो । जो ठीक लाग्छ, उसैलाई मतदान गरौं । केही रूपैयाँ र फ्रि बस चढ्न पाउने लोभमा आफ्नो अमूल्य मतदान गलत व्यक्तिलाई नदिऔं । देशमा साक्षरहरूको दर बढेको छ । साक्षरहरूले यस्तो गरेको सुहाउँदैन । यो पटकको निर्वाचन देश बनाउनका लागि भइरहेको छ ।  यो विषय जनताले राम्ररी स्मरण गर्न जरुरी छ । राजनीति सेवा हो । यो कुरा राजनीतिक दलले पनि बुझून् । राजनीति उद्योग होइन ।

**-रक्षा श्रेष्ठ**, लाजिम्पाट



आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि इलामको सूर्योदय नगरपालिकामा रहेको निर्वाचन क्षेत्र नम्बर १ को निर्वाचन अधिकृतको कार्यालयमार्फत मतदान केन्द्रका कर्मचारीहरूलाई रुजू गरी निर्वाचन सामग्री वितरण गर्दै । *तस्बिरः रासस*

# पायक पर्ने स्थानमा मतदानस्थल नहुँदा...

**त्रिवेणी (नवलपरासी)–** नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको पांग्रेका मतदातालाई १० किलोमिटर हिँडेर मतदानस्थल पुग्नुपर्ने बाध्यता रहेको छ । पायक पर्ने स्थानमा मतदानस्थल नहुँदा जिल्लाको हुप्सेकोट गाउँपालिका-५ का स्थानीयलाई समस्या हुने गरेको छ ।

फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन हुँदै छ । तर नवलपुर निर्वाचन क्षेत्र नं २ अन्तर्गत पर्ने हुप्सेकोट गाउँपालिका-५ पांग्रेका रोबहादुर रानालाई भने भोट हाल्न कसरी पुग्ने भन्ने चिन्ताले अहिले नै सताउन थालेको छ । जिल्लाको पहाडी क्षेत्रअन्तर्गत पर्ने यस वडामा रहेका दुईवटा मतदानस्थलमध्ये रुद्रपुरमा रहेको शिक्षा वोधनी आधारभूत विद्यालय पुग्न झण्डै १० किलोमिटरको यात्रा गर्नुपर्ने पांग्रेका मतदाताको बाध्यता छ ।




यस मतदानस्थलमा मतदान गर्ने पांग्रे र पांग्रेघाटका मतदातालाई मतदानस्थल पुग्नै घण्टौं समय लाग्ने गर्दछ । पहाडी क्षेत्र त्यसमा पनि १० किलोमिटर टाढाको मतदानस्थलमा मतदान गर्न जान निकै समस्या हुने गरेको यहाँका स्थानीयको गुनासो छ ।

पांग्रे र पांग्रेघाटका मतदाता पोखरी हुँदै करिब १० किलोमिटरको दूरीमा रहेको मतदानस्थलमा मतदान गर्न जानुपर्ने बाध्यता छ । मतदानको दिन सवारीसाधनसमेत नचल्ने र हिँडेरै पुग्नुपर्ने हुँदा यहाँका मतदातालाई मतदानका लागि बिहानै मतदानस्थल प्रस्थान गर्नुपर्ने बाध्यता छ । 'धेरै टाढा मतदान केन्द्र छ, हिँडेर जाँदा पहाडी क्षेत्रको बाटो तीन-चार घण्टा लाग्छ, सवारी चल्दैन, सबैलाई मतदानस्थलसम्म पुग्न धेरै समस्या छ,' स्थानीय रानाले भने ।

पहिले गाविसको चुनाव हुँदा पांग्रेघाटमा भोट हाल्न सजिलो हुने गरेकामा पछि रुद्रपुर सारेपछि आफूहरूलाई समस्या भएको रानाले बताए । मतदानस्थल टाढा हुँदा धेरै हिँड्न नसक्नेहरू मतदान गर्नै नजाने अवस्था बन्ने गरेको उनले बताए । 'मतदानस्थल नजिक हुने गरी मिलाए आफूहरूलाई सजिलो हुने थियो, अलि हिँड्न गाह्रो हुने त कसरी भोट हाल्न पुग्लान् खै,' उनले भने ।

शिक्षा वोधनी आधारभूत विद्यालय रुद्रपुरमा रहेको मतदान केन्द्रमा वाकखोर, पोखरी, राम्चे, धौवादी, हर्दे, पांग्रे , पांग्रेघाट र धौलावसेनीका मतदाताले मतदान गर्छन् । पहाडी क्षेत्र भएकाले रुद्रपुरको मतदानस्थल सबैका लागि पायक पर्ने र छोटो दूरीको हुनसकेको छैन । हर्दे, राम्चे र धौवादीका मतदाताबाहेक सबैलाई यो मतदानस्थल अपायक हुने गरेको हुप्सेकोट गाउँपालिका-५ का वडाध्यक्ष पदमबहादुर रानाले बताए ।

रुद्रपुरमा रहेको यस मतदानस्थलमा मतदान गर्ने मतदाताको संख्या ८४८ रहेको छ । जिल्लाको पहाडी क्षेत्रका मतदानस्थल प्रायः सबैका लागि सहज पहुँच हुनसकेको छैन । भौगोलिक विकटता भएका क्षेत्रमा मतदानको संख्याका आधारमा मतदान केन्द्र तय गरिँदा धेरैका लागि दूरीका हिसाबले मतदान केन्द्र टाढा पर्ने गरेको छ । नवलपुरमा ११४ मतदानस्थल र ३११ मतदान केन्द्र छन् ।

दुईवटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको नवलपुरमा कुल दुई लाख ६८ हजार ५२६ मतदाता रहेका छन् । जसअन्तर्गत प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं १ मा पुरुष मतदाता ६५ हजार ९८२, महिला मतदाता ७१ हजार ९८ र अन्य एक गरी एक लाख ३७ हजार ८१ मतदाता छन् । प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं २ तर्फ पुरुष मतदाता ६३ हजार ७२, महिला मतदाता ६८ हजार ३७० र अन्य मतदाता तीन गरी एक लाख ३१ हजार ४४५ मतदाता रहेका छन् । *रासस*

वनहरा शिविरका भूमिहीन भन्छन्

# सुरक्षित आवास सुनिश्चित हुनुपर्छ

■ राजेन्द्रप्रसाद पनेरू

**कञ्चनपुर–** प्रतिनिधिसभा सदस्य निर्वाचन आउन चार दिन बाँकी रहँदा आइतबार कञ्चनपुरको वनहरा शिविरका भूमिहीन सुकुम्बासी परिवारले हरेक निर्वाचनमा उम्मेदवारले वाचा गर्ने तर पूरा नगर्ने प्रवृत्ति रहेको बताएका छन् ।

तीन दशकभन्दा बढी समयदेखि पूर्व-पश्चिम राजमार्गसँगै जोडिएको सामुदायिक वन क्षेत्र नजिक अस्थायी टहरामा बस्दै आएका परिवारले उम्मेदवारसँग यसपटक जग्गाको स्वामित्वसहितको सुरक्षित आवास सुनिश्चिताको माग गरेका हुन् । हरेक निर्वाचनमा विभिन्न पार्टी र स्वतन्त्र उम्मेदवार शिविरमा पुगेर लालपुर्जा दिलाउने, सुरक्षित बसोबास गराउने, व्यवस्थित आवास योजना ल्याउने आश्वासन दिएर फर्कने गरेका भन्दै निर्वाचन सकिएपछि ती वाचा कागजमा सीमित हुने गरेका शिविरवासी बताउँछन् ।

'हामीलाई भोटबैंकका रूपमा उम्मेदवारले वर्षौंदेखि प्रयोग गर्दै आएका छन्,' मानध्वज लुहारले भने, 'तर हाम्रो समस्या समाधान गर्न कोही आउँदैनन् ।' शिविरमा करिब तीन दशकदेखि बसोबास गर्दै आएका भूमिहीन परिवार अझै पनि कानुनी स्वामित्वविना त्रिपाल र रुखका पात राखेर बनाइएका झोपडीमा कष्टकर जीवन बिताउन बाध्य छन् ।

पूर्व-पश्चिम राजमार्गको छेउमा बसोबास गर्दा सवारी दुर्घटनाको जोखिमका साथै सामुदायिक वन क्षेत्र नजिक रहेकाले जंगली जनावरले आक्रमण गर्ने खतरा पनि बढेको कलावती दमाईले बताए । जंगली वन्यजन्तु रातको समयमा बस्ती नजिक आउने र आक्रमण गर्ने गरेका उनले उल्लेख गरे ।

'राति बाहिर निस्कन दिन डर लाग्छ,' दमाईले भने, 'हात्ती र बाघ आयो भने भाग्ने टाउँ छैन, सहयोगका लागि कसलाई बोलाउने ? वन क्षेत्र नजिकको बस्ती भएकाले सुरक्षाको स्थायी व्यवस्था छैन । राजमार्ग छेउ र नदी किनार नजिक बसोबास गर्दा वर्षायाममा बाढीले बगाउने डर पनि उत्तिकै छ ।'

बस्ती व्यवस्थित नभएकाले सामान्य पानी पर्दा घरभित्र ढुवान पर्ने समस्या रहेको माघी रावतले बताए । गर्मीका बेला त्रिपालको झोपडीमा बस्न नसकेर नदीमाथिको पुलमुनि केही परिवार डोरीका खटिया राखेर सुत्नुपर्ने बाध्यता रहेको उनले अनुभव सुनाए ।

'हामीलाई शिक्षा, स्वास्थ्य, सुरक्षित आवाससँगै भरपर्दो रोजगारीको आवश्यकता छ, तर अधिकार कहिले पाउँछौं ?,' रावतले प्रश्न गरे । अधिकांश भूमिहीन परिवार दैनिक ज्यालादारी र मजदुरीमा निर्भर छन् । घरका युवा भारतमा कुल्ली र दरवानको काम गर्दै आएका छन् । स्थायी आम्दानीको स्रोत नभएकाले छोराछोरीको शिक्षा, स्वास्थ्य र पोषणमासमेत असर परेको रावतले जानकारी दिए ।

घर नभएपछि बैंकबाट ऋण लिन, व्यवसाय सुरु गर्न, सामाजिक सुरक्षाको दायरामा पूर्णरूपमा समेटिन नसक्नेलगायत समस्या यहाँका बासिन्दाले भोगिरहेका छन् । भूमि समस्या समाधान आयोगमार्फत जग्गा र आवासका लागि निवेदन दिएर निस्सा प्राप्त गरेको शिविरवासीले बताएका छन् ।

'निस्सा हातमा छ, तर बस्ने जमिन छैन,' रञ्जित रावतले भने, 'निर्वाचन आउँछ, आश्वासन आउँछ, तर काम हुँदैन । जग्गाको स्वामित्वसहित सुरक्षित आवास, आधारभूत सेवा र जीविकोपार्जनका अवसर, बाढीको जोखिम न्यूनीकरणका सुरक्षित र व्यवस्थित बसोबास, खानेपानी, शौचालय, बिजुली र बालबालिकाका लागि विद्यालयसम्मको पहुँच आवश्यक छ । वर्षौंदेखि त्यसको पर्खाइमा छौं, पूरा गर्ने उम्मेदवार चाहिएको छ ।'

यसपटक पनि विभिन्न राजनीतिक दलका उम्मेदवारले भूमिहीन समस्या समाधानलाई प्राथमिकतामा राखेको दाबी गरेका छन् । केही उम्मेदवारले संघीय सरकारसँग समन्वय गरी जग्गा नापजाँच, लालपुर्जा वितरण र आवास निर्माण कार्यक्रम अघि बढाउने प्रतिबद्धता जनाएका छन् ।

यसैबीच, शिविरमा बसोबास गर्ने मतदाताले लिखित प्रतिबद्धता र समयसीमा आवश्यक पर्ने बताएका छन् । 'अब अश्वासन र भाषण होइन, मिति तोकेर काम गर्नुपर्छ,' शिविरका अगुवा दलबहादुर बोहारले भने, 'हामीलाई दान होइन, अधिकार चाहियो । जग्गा दिएर बसोबास सुरक्षित गरिदिए पुग्छ ।'

अस्थायी बसोबासका कारण बालबालिकाको पढाइ प्रभावित भएको बताउँदै उनले वर्षौंदेखि स्थायी ठेगाना नभएकाले कतिपय बालबालिका विद्यालय भर्ना हुन र छात्रवृत्ति सुविधाबाट वञ्चित भएका जानकारी दिए । आधारभूत स्वास्थ्य चौकी टाढा हुँदा स्वास्थ्य सेवामा पनि पहुँच सीमित छ भने आकस्मिक अवस्थामा उपचार गर्न समस्या हुने गरेको छ । शिविरमा २८ परिवार बसोबास गर्दछन् । पहिले १२ परिवारको मात्रै बसोबास थियो । अहिले बाढीपहिरोबाट विस्थापित परिवार थपिएका छन् । बोहराले भने, 'अब भावनात्मक आश्वासनलेमात्र पुग्दैन, हामीलाई जग्गाको कागज चाहियो । सुरक्षित घर चाहियो ।'

तीन दशकभन्दा बढी समय राजमार्ग छेउ र नदी किनारमा बस्दा पनि दीर्घकालीन समाधान नखोजिएको शिविरवासीको गुनासो छ । निर्वाचनको बेला विभिन्न दलका नेताकार्यकर्ता शिविरमा पुगेर आश्वासन दिने परिणाम नदेखिने गुनासो उनीहरूको छ । 'हरेक चुनावमा नाम टिपिन्छ, फोटो खिचिन्छ, तर हाम्रो जीवन उस्तै छ,' प्रकाश साउदले भने, 'उम्मेदवारसँग लिखित प्रतिबद्धता र कार्ययोजना माग गरेका छौं, कसले कहिले के गर्छ भन्ने स्पष्ट हुनुपर्छ । घरजग्गा, रोजगारीको टुंगो लगाउने प्रतिबद्धता जनाउनेलाई मत दिन्छौं ।'

वास्तविक भूमिहीन पहिचान गरी सुरक्षित स्थानमा पुनःस्थापना, आधारभूत पूर्वाधारसहितको आवास निर्माण र जीविकोपार्जनका कार्यक्रम सँगसँगै अघि बढाउनुपर्ने राष्ट्रिय भूमि अधिकार मञ्च सुदूरपश्चिम प्रदेशका महासचिव रामबहादुर चुनाराले जोड दिए । यसका लागि नगरपालिकामा भूमिहीन परिवारले भूमि आयोगमा आवेदन दिएका छन् तर सुनवाइ भने अहिलेसम्म हुन नसकेको उनको भनाइ छ ।

'प्रतिनिधिसभा सदस्य निर्वाचन आउन अब चार दिन बाँकी रहँदा कञ्चनपुरका भूमिहीन सुकुम्बासी परिवारले यसपटक आफ्ना मागलाई चुनावी एजेण्डाको केन्द्रमा ल्याएका छन्,' चुनाराले भने, 'तीन दशकदेखि अस्थायी जीवन बिताइरहेका यी परिवारका लागि सुरक्षित आवास र जग्गाको स्वामित्व केवल चुनावी नारामात्र नभई जीविकोपार्जनको आधार हो । त्यसैले प्रतिबद्धता पूरा गर्ने उम्मेदवार शिविरवासीको रोजाइमा पर्ने छन् ।' *रासस*


## Bateshwor Rural Municipality

## Office of Rural Municipal Executive

**Bateshwor, Dhanusha**

**Madhesh pradesh, Nepal**

### Invitation for Sealed Quatation only electronic bids

**Second Date of publication: (2082-11-18) 02-March-2026**

1. Bateshwor Rural Municipality invites only electronic bids from nepalese eligible bidders for following projects under bids procedures visit://bolpatra.gov.np/egpbateshwormun@gmail.com,9854060412,9840090472
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bateshwor Rural Municipality Office of Rural Municipal Executive Bateshwor, Dhanusha or may visit PPMO website www.gov.np/egp

| S.N. | Contract ID No:- | Descriptions of works | Bid validity period | Estimated Amount with VAT & PS | Bid bond Amount | Non refundable fee | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | BRM/SQ/W/02/2082/2083 | wada no 2 ma khanepani aayojana ko pipe kharid tatha jadan | 45days | Rs.18,70,911.68 | Rs50000 | Rs.1000 | |

**Chief Administrative Officer**



सुदूरपश्चिम प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

## पथरैया मोहना सिंचाई व्यवस्थापन कार्यालय

धनगढी, कैलाली

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः- २०८२/११/१८**

यस कार्यालयबाट मिति २०८२/०९/२१ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र खोली प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा सफल भएका तपसिलका बोलपत्रदाताको बोलपत्रको आर्थिक प्रस्ताव तपसिल अनुसार खोलिने भएकोले, सार्वजनिक खरिद नियमावलिको नियम ३१ (ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| 1. | PMIMO/NCB/W/01/2082/83 | 1. GK Group- Bedkot JV, Kanchanpur<br>2. Malika Masta- Masta JV, Kailali<br>3. Ratala-Pant JV, Kanchanpur | २०८२/११/२५, दिउँसो १४:०० बजे, पथरैया मोहना सिचाई व्यवस्थापन कार्यालय, कैलाली |
| 2. | PMIMO/NCB/W/02/2082/83 | 1. GK Group Nirman Sewa, Kanchanpur<br>2. Masta Nirman-Bist JV, Kailali<br>3. Brightsun-Gramin-Ankit JV, Dhangadhi Kailali | |
| 3. | PMIMO/NCB/W/03/2082/83 | 1. GK Group-Bedkot JV, Kanchanpur<br>2. PC-BRNS-PNS JOINT VENTURE, Kailali<br>3. Saraswati-Chandani-Birendra JV, Kailali | |

**कार्यालय प्रमुख**




## ट्रेलरमा चलचित्र 'लालिमा'

यही फागुन २९ बाट प्रदर्शनमा आउने चलचित्र 'लालिमा'को ट्रेलर सार्वजनिक गरिएको छ । यो फिल्म तीन हजारभन्दा बढी यौनकर्मी महिलाको अनुभवमा आधारित रहेको छ । ट्रेलरमा फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्व देखाइएको छ । यस फिल्ममा अभिनेत्री रोशनी कार्कीसहित शिशिर वाङ्देल, जीवन भट्टराई, उषा रजकलगायतको अभिनय देख्न सकिने छ । रोशन मिराजको लेखन तथा निर्देशन रहेको फिल्मलाई फेथ आस्था र एम्पिफाई चेञ्जले निर्माण गरेका हुन् ।





# कर्णबहादुरको 'सोक्मटारदेखि सिग्नेट एभेन्युसम्मको जीवनयात्रा' कृति सार्वजनिक



■ प्रभाव संवाददाता

**ललितपुर-** कर्णबहादुर राई (गौरुङ कान्छा)को 'सोक्मटारदेखि सिग्नेट एभेन्युसम्मको जीवनयात्रा' कृति सार्वजनिक भएको छ । वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाले गत शनिबार इमाडोलमा आयोजना गरेको समारोहमा राष्ट्रियगानका रचनाकार व्याकुल माइला, वाम्रासका अध्यक्ष गजुरधन राई, नेपाल सरकारका उपसचिव तथा कवि अमरदीप सुनुवार, लेखक गौरुङ कान्छा, वाम्रास संस्थाकी संस्थापक कोषाध्यक्ष दिलकुमारी राईलगायतले सार्वजनिक गरेका हुन् ।

गौरूङ कान्छा लेख्ने यी वाम्बुले अगुवाको २०१७ चैतमा ओखलढुंगाको दुधकोसी किनारको सोक्मटार गाउँमा जन्मिएका कर्णबहादुर राई वाम्बुले राई मातृभाषी भावाचाचो गौरूङ पाछाका हुन् । उनले पाँच कक्षासम्म औपचारिक शिक्षा हासिल गरेपछि २०३६ सालमा ब्रिटिस गोर्खा सैनिकमा भर्ती भए । त्यसपछि करिब १५ वर्ष सेवा गरेर अवकाशपछि जिआरयू ब्रुनाई र त्यसपछि आवासीय सुविधा पाएपछि बेलायत बसोबास गर्दै आएका छन् ।

गौरुङ कान्छा वाम्बुले राई समाज, नेपाल (वाम्रास)का संस्थापक सदस्यमध्ये एक अगुवा सामाजिक अभियन्ताका रूपमा परिचित छन् । यस कृतिमा उनले आफ्नो बाल्यकालदेखि हालसम्ममा जीवनकथालाई ९४ वटा शीर्षकमा संस्मरण प्रस्तुत गरेका छन् । जसमा कृतिको पहिलो खण्डमा 'जन्मथलो सोक्मटार', 'आमाको सम्झना', 'बल्छी थाप्न आ-आफ्नै ख्यावा', 'दुधकोसीमा पानी जहाज', 'गोठाला गर्दाको सम्झना', 'भोट-मधेसको चर्चा', 'स्वायोडटार, हवाईजहाज र लम्बरी लुङ', 'टुक्राटाक्री सुन, चाँदी जाकटी', 'कन्टुवालको प्रसंग', 'साहुहरूको सम्झना', 'याकुलेको खेताला जाँदा', 'ओखलढुंगा हाटमा सुर्ती' जस्ता लेख रहेका छन् । यसैगरी दोस्रो खण्डमा 'सैनिक जीवन', तेस्रो खण्डमा 'अवकाशपछिको जीवन', चौथो खण्डमा 'बेलायतमा संघर्षका कथा', पाँचौंमा वंशावली र छैटौं तस्बिर समेटिएका छन् ।

इक लिब्जु-भुम्जु त्रैमासिकले प्रकाशित गरेको कृति सार्वजनिक समारोहमा शुभकर्ण राईले 'मानवशास्त्रीय दृष्टिकोणमा सोक्मटार गाउँ' र शुभराज राई (काजी)ले 'समाजशास्त्रीय दृष्टिकोणमा गौरुङकान्छाको कृति' विषयमा बोलेका थिए । यसैगरी वाम्रास संस्थाका संस्थापक महासचिव तिखवीर राई, व्याकुल माइला, गजुरधन राई, कृतिका भाषा सम्पादक गणेश राईले लेखक गौरुङ कान्छाको सामाजिक योगदानबारे चर्चा गरेका थिए ।

## रंगशाला

# इरान आक्रमणपछि एसियन फुटबल क्लब नकआउट स्थगित

**क्वालालम्पुर-** इरानमा अमेरिका र इजरायलको आक्रमणपछि एसियन फुटबल कन्फेडेरेसन (एएफसी) ले मध्यपूर्वका क्लबहरूले खेल्ने आइतबारको पहिलो लेग नकआउट खेलहरू स्थगित गरेको छ । यस निर्णयले च्याम्पियन्स लिग एलिटसहित एएफसीका तीनवटै मुख्य क्लब प्रतियोगिताका खेलहरू पुनः तालिका बनाउने वातावरण सिर्जना गरेको छ ।

मलेसियामा मुख्यालय रहेको एएफसीले जारी विज्ञप्तिमा भन्यो, 'मध्यपूर्वको बढ्दो तनावलाई ध्यानमा राख्दै मार्च २-३, २०२६ का लागि तय पश्चिम क्षेत्रका खेलहरू अब पुनः निर्धारण गरिने छ ।' बोर्डले खेलाडी, टोली, अधिकारी र दर्शकहरूको सुरक्षा सुनिश्चित गर्ने प्रतिबद्धता कायम रहेको बताएको छ ।

स्थगित खेलहरूमा कतारको अल-दुहैल र साउदी पावरहाउस अल-अहलीबीचको नकआउट खेल समावेश छ । दुबईमा आधारित शबाब अल-अहली र इरानको ट्र्याक्टर क्लबबीचको खेल तथा अबुधाबी क्लब अल वाहदा बनाम अल-इत्तिहादको खेल पनि प्रभावित भएका छन् ।

एएफसीले भने कि एसियाली क्षेत्रका अन्य स्थानमा हुने खेलहरू पूर्वनिर्धारित रूपमा जारी रहने तर मध्यपूर्वको सुरक्षा चुनौतीका कारण तालिका फेरबदल अपरिहार्य भएको जनाएको छ । यस कदमले खेलकुदमा पनि अन्तर राष्ट्रिय द्वन्द्वको प्रभाव देखाएको छ र क्षेत्रीय अस्थिरताकाबीच फुटबल खेलाडी, क्लब र प्रशंसकको सुरक्षामा थप प्राथमिकता दिएको छ । *रासस/एएफपी*

# राष्ट्रिय लिग फुटबल: एनआरटी विजयी

**काठमाडौं (प्रस)-** राजधानीमा जारी राष्ट्रिय लिग फुटबल प्रतियोगितामा न्युरोड टिम (एनआरटी) विजयी भएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा आइतबार भएको खेलमा एनआरटीले चित्लाङ फुटबल क्लबलाई २-१ गोलअन्तरले पराजित गरेको हो । खेलको १०औं मिनेटमा राजिव लोप्चनले गोल गर्दै एनआरटीलाई सुरुआती अग्रता दिलाएका थिए । यस्तै खेलको ३७औं मिनेटमा एनआरटीका सनम सोदेम्बा लिम्बूले आत्मघाती गोल गरेपछि खेल एक-एक गोलको बराबरीमा पुग्यो ।

एनआरटीका टिमोथी चिएमेरिए ओकेरेकेले खेलको ५४औं मिनेटमा गोल गरे । त्यसपछि खेलमा थप गोल हुन सकेन । यो जितसँगै एनआरटीले प्रतियोगितामा पाचौं जित दर्ता गराएको छ । लिगमा नौ खेल खेलेको एनआरटीले १९ अंक जोडेको छ । यस्तै चित्लाङको यो चौथो हार हो । नौ खेलबाट चित्लाङले सात अंक जोडेको छ ।


## युएइमा रोजगार

कम्पनी : AL BAHIYA TRADING AND SERVICES -SLOE PROPERTIESHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/११/१७ LT. No. 339658 चलानी नं. ६०२५३१९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 90 | 30 | 1000 | ३९,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २५ गते (9th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gov.Lic.No.: 1101/073/074

**KINETIC H.R.SOLUTION PVT.LTD. (Access Partners Nepal Pvt. Ltd.)**
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



## मलेसियामा रोजगार

कम्पनी : FOCUS FORCE SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/१७ LT. No. 339864 चलानी नं. ६०२५३१७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1700 | ६३,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २५ देखि चैत्र १ गते (9- 15 Mar. 2026) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 771/065/066

**ASMITA INTERNATIONAL OVERSEAS P. LTD.**
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: 01-4562547
E-mail : asmitainternational2013@gmail.com



## कुवेतमा रोजगार

कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/१७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१७ LT. No. 334782 चलानी नं. ६०२४८३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT COOK | 150 | 0 | 130 | ६१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CASHIER | 0 | 10 | 150 | ७१,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २५ गते (9th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## मलेसियामा रोजगार

कम्पनी : TAMU INTERNATIONAL BERHAD

पूर्व स्वीकृति मिति : २०८२/११/१७ LT. No. 339860 चलानी नं. ६०२५३१७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | House Keeping | 40 | 0 | 1700 | ६३,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २५ गते (9th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RADIANT Govt. License No. 1016/068/69

**RADIANT OVERSEAS PVT. LTD.**
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963, E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np



## साउदीमा रोजगार

कम्पनी : MAHARAH HUMANRESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/११/१७ LT. No. 339742 चलानी नं. ६०२५३१९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 20 | 0 | 1000 | ३८,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २५ गते (9th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
